**स्थानीय राजपत्र**

चन्द्रपुर नगरपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| भाग : १० | संख्या: ४ | मिति: २०८३/०४/१२ |

भाग -२

# चन्द्रपुर नगरपालिकाको लैङ्गिक हिंसा निवारण नीति, २०८३

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर कार्यपालिकावाट स्विकृत गरेको कार्यविधि सर्वसाधरणको लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकासन गरीएको छ।

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०९

प्रमाणीकरण मितिः २०८३/०३/१५

राजपत्रमा प्रकाशित मिति: २०८३/०४/१२

## विषय सूची


१.पृष्ठभूमि........................................................................................................ १
२. नेपालमा लैङ्गिक हिंसाको अवस्था ३
२.१ समग्रमा लैङ्गिक हिंसाको अवस्था ३
२.२ मधेश प्रदेशमा लैङ्गिक हिंसाको अवस्था ५
२.३ चन्द्रपुर नगरपालिकाको संक्षिप्त परिचय तथा लैङ्गिक हिंसाको अवस्था: ७
३. लैङ्गिक हिंसा सम्बोधन गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था १०
३.१ मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज १०
३.२ राष्ट्रिय कानूनी तथा नीतिगत व्यवस्था ११
४. समस्या, चुनौती, रिक्तता तथा अवसर १४
४.१. समस्या १४
४.२. चुनौती १५
४.३ रिक्तता १७
४.४ अवसर १७
५.लैङ्गिक हिंसा निवारण नीतिको आवश्यकता तथा औचित्यता १९
६. लैङ्गिक हिंसा निवारण नीति निर्माणको विधि तथा प्रक्रिया २०
७. मानव अधिकारका सिद्धान्त : २१
८. नीति संरचना २१
९. रणनीति र कार्यनीतिहरूः २३
१०. नीति कार्यान्वयन ३१
१०.१ संस्थागत व्यवस्था ३१
१०.२ कानूनी व्यवस्था ३१
१०.३ वित्तीय व्यवस्था ३२
१०.४ समन्वय र सामञ्जस्य ३२
१०.५ जोखिम पहिचान तथा व्यवस्थापन ३३
१०.६ नीति अनुगमन तथा मूल्याङ्कन ३४
१०.७ नीतिको पुनरावलोकन, परिमार्जन र सुधार ३५

## १. पृष्ठभूमि (Background)

सामान्यत लैङ्गिक हिंसा भन्नाले महिला, पुरुष वा लैङ्गिक पहिचान, लैङ्गिक भूमिका, शक्ति सम्बन्ध वा सामाजिक संरचनाका आधारमा हुने शारीरिक, मानसिक, यौन, आर्थिक तथा संरचनात्गत हिंसालाई बुझिन्छ। लैङ्गिक हिंसा भेदभावको एक स्वरुप हो, जसले महिलाको पुरुष बरावर अधिकार र स्वतन्त्रता उपभोग गर्ने क्षमता तथा अवसरमाथि गम्भीर रूपमा रोक लगाउँदछ भनि यसको असरको बारेमा महिला विरुद्ध हुने भेदभाव उन्मूलन समितिको सिफारिस नं १९ मा उल्लेख गरेको छ। नेपालको सन्दर्भमा "लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य, वा धम्कीपूर्ण व्यवहार, दवाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेत" पर्दछ। लैङ्गिक हिंसा बाट महिला, बालबालिका, पुरुष, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जो कोही पनि कुनै पनि स्थानमा कुनै पनि प्रकारले पीडित हुन सक्ने भए तापनि विशेषगरी महिला तथा बालिकाहरू हिंसाबाट पीडित हुने गरेको भएर यसलाई महिला विरुद्धको हिंसाका रुपमा पनि लिइन्छ।

अपाङ्गता भएका व्यक्तिहरू, विशेषगरी अपाङ्गता भएका महिला तथा किशोरीहरू, र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू अझै पनि लैङ्गिक,अपाङ्गता तथा जातीय जस्ता बहुविवाह भेदभावको शिकार भएकाले उनीहरूको यौनिक स्वायत्तता तथा अधिकारलाई राज्यद्वारा नजरअन्दाज गरिएको छ, जसले गर्दा उनीहरू लैङ्गिक हिंसाको उच्च जोखिममा छन्।

नेपालमा मात्र नभई विश्वव्यापी रूपमा लैङ्गिक हिंसाको तथ्याङ्क हेर्ने हो भने करिब ७३ करोड ६० लाख महिला अर्थात् प्रत्येक तीन महिलामध्ये लगभग एक जनाले आफ्नो जीवनकालमा कम्तीमा एक पटक शारीरिक वा यौनजन्य हिंसाबाट पीडित भएको कुरा तथ्याङ्कहरूले देखाएको छ। त्यसैले लैङ्गिक हिंसालाई विश्वमै मानव अधिकारको गम्भीर उल्लङ्घन तथा समानता, सामाजिक न्याय तथा दिगो विकासको प्रमुख बाधकको रुपमा लिइन्छ। त्यसैगरि यौनजन्य र प्रजनन स्वास्थ्य सम्बन्धी हिंसालाई पनि लैङ्गिक हिंसाको रुपमा समावेश गरि वृहत परिपाषा गरेको छ। हिंसा परिवार, समाज, कार्यस्थल तथा सार्वजनिक स्थानका साथै कुनै पनि स्थानमा हुन सक्छ भने हिंसा देश समाज तथा परिवारको आर्थिक, सामाजिक, शैक्षिक तथा कानूनी विकासको आधारमा मात्रा फरक भए तापनि समग्र रुपमा शारीरिक, मानसिक, आर्थिक, शैक्षिक, स्वास्थ्य, राजनीतिका साथै यौन तथा प्रजनन स्वास्थ्य जीवनमा असर पर्ने गरि विभिन्न प्रकारका हिंसा हुने गरेका पाइन्छ। यसरी लिङ्गको आधारमा घरदेखि कार्यथलोसम्म, भ्रुणदेखि जीवनपर्यन्तसम्म लैङ्गिक हिंसालाई विभिन्न स्वरुपबाट हेर्न सकन्छ। जस्तै कुनै पनि प्रकारले कुटपीट गर्नु, डर, धाक, धम्की दिने जस्ता व्यवहार गर्नु वा व्यक्तिको आधारभूत स्वतन्त्रता हनन गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहार गर्नु, कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य, वा धम्कीपूर्ण व्यवहार, दवाब, करकाप वा स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्नु, स्रोत साधन र अधिकारको प्रयोगबाट बञ्चित गर्नु, दाइजोको विषयमा हिंसा गर्नु, वैवाहिक बलात्कार, महिलाको यौनाङ्ग विच्छेदनदेखि प्रथा परम्पराको नाउँमा गर्ने भेदभाव गर्नु, क्षमताभन्दा बढी काम लगाउनु तथा बञ्चितीकरण समेत पर्दछ। समाज तथा प्रविधिको विकाससँगै प्रविधिजन्य अर्थात डिजिटल प्रविधिमार्फत हुने लैङ्गिक हिंसा द्वन्द्व, विपद् तथा संकटसँग सम्बन्धित लैङ्गिक हिंसा र जलवायु परिवर्तनसँग सम्बन्धित लैङ्गिक

हिंसा पनि विश्वव्यापी रुपमा फैलदै आएको छ। नेपालको सन्दर्भमा हेर्ने हो भने समग्रको देशको अवस्था, प्रदेशगत, स्थानीय तहका साथै समुदायगत रुपमा अझ धेरै फरक हुन सक्छ।

## २. नेपालमा लैङ्गिक हिंसाको अवस्था

### २.१ समग्रमा लैङ्गिक हिंसाको अवस्था

नेपालमा लैङ्गिक हिंसा एक गम्भिर प्रकृतिको समस्या रहेको कुरा हिंसाका तथ्याङ्कहरुबाट स्पष्ट छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०७८ अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका पाँच जना महिलामध्ये एक जनाले १५ वर्षको उमेरदेखि शारीरिक हिंसा भोग्ने गरेको देखिन्छ। नेपालमा १५ देखि ४९ उमेर समूहका महिला तथा बालिकाहरुमध्ये २३ प्रतिशत महिलाले १५ वर्षदेखि घरेलु हिंसा (शारीरिक हिंसा) को अनुभव गरेका, ११ प्रतिशत महिलाले शारीरिक हिंसाको अनुभव गरेका छन् भने त्यसमध्ये धेरैले आफ्नो श्रीमान÷ पूर्वश्रीमान÷ नजिकको साथीबाट हिंसा भोगेको पाइन्छ। ८ प्रतिशत महिलाले कुनै न कुनै रूपमा यौन हिंसा भोगेको र १७ प्रतिशत महिलाले श्रीमानको÷ नजिकको साथीबाट हिंसा भोगको पाइन्छ। त्यसमध्ये ४ प्रतिशत महिलाले यौन हिंसा, १० प्रतिशतले भावनात्मक हिसा र १२ प्रतिशत महिलाले शारीरिक हिंसाको अनुभव गरेका छन्। साथै, ३५ प्रतिशत बालिकाको १८ वर्ष नपुग्दै विवाह हुने र ५३.९ प्रतिशत किशोरीको २० वर्ष नपुग्दै विवाह हुने गरेको तथ्याङ्कले देखाएको छ।त्यसैगरि नेपाल प्रहरीको तथ्याङ्क अनुसार आर्थिक वर्ष ०८१/०८२ को प्रतिवेदन हेर्दा देशभर दर्ता भएका कुल अपराधका मुद्दामध्ये २९ प्रतिशत लैङ्गिक हिंसा विरुद्धका उजुरी रहेका देखिन्छ भने कुल लैङ्गिक हिंसाका उजुरीहरु मध्ये २१,६६७ घरेलु हिंसा विरुद्धका उजुरी रहेको देखाएको छ। साइबर तथा डिजिटल माध्यमबाट गरिने हिंसामा नेपाल प्रहरी साइबर ब्यूरोको तथ्याङ्क हेर्दा आर्थिक वर्ष ०८०/०८१ मा १९७३० जना पीडित मध्ये ८७४५ महिला ३८२ बालिका र ७६७ लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु पीडित हुने गरेको पाइन्छ।

यसै सन्दर्भममा संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA) नेपाल को २०२४ को वार्षिक प्रतिवेदन अनुसार, कुल १८ वटा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मार्फत ५,०८० जना लैङ्गिक हिंसा प्रभावितहरूले आवश्यक तथा महत्वपूर्ण सेवाहरू प्राप्त गरेका देखिन्छ। १७ वटा आश्रय गृह तथा सुरक्षित आवासमा २,३१३ लैङ्गिक हिंसा प्रभावितहरूले विशेषीकृत सहयोग प्राप्त गरेकका र ८,६४९ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूले सामुदायिक मनोसामाजिक परामर्शदाताबाट मनोसामाजिक तथा रेफरल सेवा प्राप्त गरेका उल्लेख गरेको छ। यी तथ्याङ्कहरूले नेपालमा लैङ्गिक हिंसा व्यापक रुपमा रहेको देखाउँछन्।

साथै अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC) को नेपाल मानवअधिकार वर्ष पुस्तक २०२५ अनुसार सन् २०२४ मा नेपालमा मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारबाट कुल १०,७३४ जना पीडित भएको उल्लेख गरेको छ। इन्सेकको तथ्याङ्कले नेपालमा हरेक दिन २९ जनाभन्दा बढी व्यक्ति मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारबाट पीडित हुने गरेको देखाएको छ। यस तथ्याङ्कअनुसार मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारबाट प्रभावित हुने ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूको संख्या २१३ जना रहेको छ, जस मध्ये १४७ जना ज्येष्ठ महिला रहेका छन्। यसले ज्येष्ठ नागरिकहरूमा पनि महिलाहरू बढी दुर्व्यवहार तथा हिंसाबाट पीडित हुने गरेको देखाएको छ।

### २.२ मधेश प्रदेशमा लैङ्गिक हिंसाको अवस्था

मधेस प्रदेशमा लैङ्गिक हिंसाको अवस्था भयावह छ। लैङ्गिक हिंसा केवल शारीरिक हिंसा मात्र नभई बालिकालाई सानै उमेरमा विवाह गरिदिनु, विवाहपछि उनको अवस्था बारे ध्यान नदिनु, घरेलु हिंसा, दाइजोका कारण महिला विरुद्ध हिंसा हुनु, बोक्सीको आरोप, शिक्षामा छोराछोरीबिच विभेद, छोरी बुहारीलाई उचित शिक्षादीक्षा नदिनु, सानैमा

बच्चा जन्माउन बाध्य गर्नु र उनको राम्ररी खान लगाउन तथा स्वास्थ्य उपचारमा ध्यान नदिनु आदि सबै जस्ता लैङ्गिक हिंसा मधेस प्रदेशमा व्याप्त छन् । मधेसमा आधाभन्दा बढी महिला आफ्नै पति वा पार्टनरबाट शारीरिक, यौनजन्य तथा मानसिक हिंसाबाट पीडित बनिरहेका कुरा विभिन्न अध्ययनमा उल्लेख गरेका छन्। मधेसको सबैभन्दा ठुलो समस्या भनेको बालविवाह हो । दाइजोका कारण महिलालाई दबाब दिने, सासु, ससुरा, नन्द, आमाजू, पति, देवर सबै परिवार भएर अनावश्यक मानसिक टर्चर दिने, हिंसात्मक गतिविधि गर्ने, घरबाट निकाल्ने, कुटपीट गर्ने, आगो लगाउने, जबरजस्ती माइती पठाउने आदि लैङ्गिक हिंसाले विकराल रूप लिएको छ । मधेसमा बाल विवाह, दाइजो प्रचलन तथा घरेलु हिंसाले महिलाको विकासका लागि सबैभन्दा ठुलो बाधकका रूपमा रहेको छ । मधेश प्रदेशमा सन् २०२३ जनवरीदेखि २०२४ डिसेम्बरसम्मको दुई वर्षको अवधिमा ९ हजार १ सय ३३ वटा लैङ्गिक हिंसाका घटनाहरु प्रहरीमा दर्ता भएको तथ्याङ्कबाट देखिन्छ । नेपाल प्रहरी (आ.व. २०८०/८१) अनुसार मधेश प्रदेशमा सबैभन्दा बढी लैङ्गिक हिंसा (५,५९६) दर्ता भएको देखाएको छ । मधेश प्रदेशमा महिलाको साक्षरता दर ५५% छ, स्थानीय सामाजिक संस्था, समिति तथा सामुदायिक बैठकहरूमा महिलाको सहभागिता केवल १५% मात्र छ, कुल जनसंख्यामध्ये केवल १९% मात्र महिलाहरू राजनीतिमा संलग्न छन् भने स्थानीय योजना सम्बन्धी छलफलमा धेरै कम सहभागी हुने गरेको देखिन्छ। नेपालमा १५–१९ वर्ष उमेरका किशोरीहरूको गर्भवती हुने दर १७% रहेको छ भने मधेश प्रदेशमा यो दर २७% रहेको छ। राष्ट्रिय जनगणना–२०७८ अनुसार मधेसमा १५–१७ वर्ष उमेरमा २७.७ प्रतिशत, १०–१४ वर्ष उमेरमा ९.३ प्रतिशत र १० वर्षभन्दा कम उमेरमा ०.२ प्रतिशत विवाह हुने गरी कुल ३७.२ प्रतिशतले बालविवाह गर्ने तथ्याङ्कले देखाएको छ ।

इन्सेकको मानव अधिकार पुस्तक सन् २०२४ मा मधेश प्रदेशमा मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारबाट सबैभन्दा बढी प्रभावित हुने गरेको जहाँ दैनिक औसतमा ६ जना भन्दा बढी व्यक्ति पीडित भएको देखाइएको छ। मानव विकास सूचकाङ्क (HDI) अनुसार मधेश प्रदेश ०.५४२ स्तरमा रहेको छ, जुन नेपालका प्रदेशहरू मध्ये सबैभन्दा न्यून स्तर हो। यस प्रदेशको साक्षरता दर ४९.७ प्रतिशत मात्र रहेको छ। मधेश प्रदेश शिक्षा, स्वास्थ्य र आयका स्रोतका क्षेत्रमा पछाडि परेको देखिन्छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार रौतहट जिल्लामा १८ वर्ष मुनि विवाह गर्ने जनसंख्या ४७% रहेको देखाएको छ, जुन प्रदेशकै सबैभन्दा उच्च दरमध्ये एक हो ।

उक्त अवस्थाहरुबाट पनि लैङ्गिक असमानताका हिसाबले यो प्रदेशले अन्य प्रदेशहरूको तुलनामा अझ बढी चुनौतीहरूको सामना गरिरहेको कारणले पनि मधेश प्रदेश लैङ्गिक हिंसाको उच्च जोखिममा रहेको पुष्टि हुन्छ ।

एकद्वार संकट व्यवस्थापन केन्द्र गौरको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/८२ मा समग्र रौतहट जिल्लाबाट केन्द्रमा ११८ वटा लैङ्गिक हिंसाका घटनाहरू दर्ता भएका छन्। ती मध्ये ११७ घटनाहरू शारीरिक हिंसासँग सम्बन्धित छन् ।

### २.३ चन्द्रपुर नगरपालिकाको संक्षिप्त परिचय तथा लैङ्गिक हिंसाको अवस्था:

२४९.९६ वर्ग कि.मी. क्षेत्रफलमा रहेको चन्द्रपुर नगरपालिका १० वडामा फैलिएको छ । यहाँको जनसंख्या कुल ८१,८०७ मा ५०.७ प्रतिशत महिला र ४९.३ प्रतिशत पुरुष रहेका छन् । सामाजिक तथा सांस्कृतिक रूपमा नगरपालिका विविधतायुक्त छ । यहाँ बाहुन, क्षेत्री, जनजाति, यादव, तेली, कुर्मी, मुस्लिम, पासवान, नुनिया, कलवार, मुसहर लगायत विभिन्न समुदायहरूको बसोबास रहेको छ । नेपाली भाषा संगै बज्जिका मैथिली तथा उर्दु भाषा बोल्ने नागरिकहरु रहेका छन् । दशैं, तिहार, छठ, होली, दीपावली, ईद, बकरइद, मुहर्रम, जितिया तथा सामाचकेवा यहाँका प्रमुख चाडपर्व मनाउने गर्छन् । महिला समूह, आमा समूह, युवा क्लब, विद्यालय व्यवस्थापन समिति (SMC) तथा अभिभावक–शिक्षक संघ (PTA) जस्ता सामाजिक संरचनाहरू सक्रिय रहेको देखिन्छ । पालिकाको अर्थतन्त्र मुख्यतः कृषि, पशुपालन, मजदुरी, साना व्यापार तथा वैदेशिक रोजगारमा आधारित छ । यस पालिकामा बेरोजगारी र

सिपमूलक अवसरको अभावका कारण धेरै युवा वैदेशिक रोजगारीमा जाने गरेका छन्। स्थानीय स्तरमा साना व्यापार, होटल तथा निर्माण सामग्रीसम्बन्धी व्यवसायले पनि अर्थतन्त्रमा योगदान पुऱ्याएका छन् । यहाँ आर्थिक गतिविधिहरूमा महिलाहरूको पहुँच र सहभागिता अझै सीमित रहेको छ।

संस्थागत तथा नीतिगत रूपमा नगरपालिकाले शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, पूर्वाधार विकास, विपद् व्यवस्थापन तथा सुशासनका क्षेत्रमा विभिन्न संरचना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। शिक्षा, स्वास्थ्य, योजना तथा प्रशासन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, कृषि तथा पशु सेवा शाखा तथा न्यायिक समिति लगायतका संस्थागत संयन्त्रहरू क्रियाशील रहेका छन्। साथै सामाजिक समावेशीकरण, लैङ्गिक समानता, बालमैत्री तथा महिलामैत्री कार्यक्रम, बाल क्लब सञ्जाल, विपद् जोखिम न्यूनीकरण, कृषि तथा जीविकोपार्जन प्रवर्द्धन तथा सुशासनसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

पालिकास्तरीय परामर्श कार्यशालाबाट प्राप्त जानकारी अनुसार, वैदेशिक रोजगारीमा श्रीमान् गएका महिलामाथि अनावश्यक नियन्त्रण तथा अनौपचारिक नियमहरू थोपर्ने र उनीहरूको चरित्रमाथि शंका गर्ने सामाजिक मानसिकता देखिएको छ, जसले महिलाहरूलाई आफ्नो स्वतन्त्रता तथा आफ्नो रोजाइअनुसार काम गर्ने अधिकारबाट वञ्चित हुने सम्भावनालाई बढाएको छ।

दाइजो प्रथा, बालविवाह, बहुविवाह, बलात्कार, जातीय भेदभाव, लैङ्गिक हिंसा, बाल श्रम, जबर्जस्ती गर्भपतन, अनिच्छित गर्भधारण, तथा लिङ्ग छनोट गरी गरिने गर्भपतन र अनिच्छित प्रसूति, महिनावारीसम्बन्धी भेदभाव तथा अन्य लैङ्गिकतामा आधारित हानिकारक सामाजिक प्रचलनहरू नगरपालिकामा व्यापक रूपमा रहेका कुरा सम्बन्धित पालिकाका सरोकारवालहरुसँग गरिएको पूर्व परामर्श छलफलबाट स्पष्ट भएको छ।

एकद्वार संकट व्यवस्थापन केन्द्र गौरको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/८२ मा चन्द्रपुर नगरपालिकाबाट केन्द्रमा ६ वटा लैङ्गिक हिंसाका घटनाहरू दर्ता भएका छन्। तीमध्ये अधिकांश घटनाहरू यौन दुर्व्यवहारसँग सम्बन्धित छन्।

चन्द्रपुर नगरपालिकामा लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानता प्रवर्द्धनका लागि पछिल्ला वर्षहरूमा विभिन्न संस्थागत तथा नीतिगत पहलहरू भएको छन्। लैङ्गिक समानता नीति, लैङ्गिक सम्पर्क व्यक्ति, न्यायिक समिति, बाल अधिकार समिति, महिला समूहहरूको परिचालन तथा संघ–संस्थासँगको समन्वयका साथै, लैङ्गिक हिंसा निवारण कोष, मनोसामाजिक सेवा, विद्यालयस्तरीय गुनासो संयन्त्र र बालविवाह नियन्त्रणका प्रयासहरूले हिंसा न्यूनीकरणमा सकारात्मक योगदान पुऱ्याएका छन्। तर लैङ्गिक हिंसा निवारण तथा पीडित संरक्षण सम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्नेछ।

## ३. लैङ्गिक हिंसा सम्बोधन गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था

### ३.१ मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज

नेपाल सरकारले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौन तथा लैङ्गिक अल्पसंख्यक तथा अन्य सीमान्तीकृत समुदायलाई सबै प्रकारका हिंसाबाट संरक्षण गर्न विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धि, घोषणापत्र अनुमोदन गरि प्रतिबद्धताहरू समेत व्यक्त गरेको छ। मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR), १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR), १९६६ र महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), १९७९ ले समानता, भेदभावरहित व्यवहार, सुरक्षा, न्यायमा पहुँच तथा महिलामाथि हुने हिंसा अन्त्यका लागि राज्यको दायित्व सुनिश्चित गरेका छन्। CEDAW समितिका सामान्य सिफारिस नं. १९ र ३५ ले लैङ्गिक हिंसालाई मानव अधिकार उल्लङ्घन तथा भेदभावको एक रूपका रूपमा व्याख्या गर्दै नेपाललाई कानूनी, संस्थागत तथा सेवामूलक सुधारका लागि विभिन्न सिफारिसहरू

गरेको छ। त्यसैगरी, महिलाविरुद्ध हुने हिंसाको अन्त्य सम्बन्धी घोषणापत्र (१९९३), बेइजिङ घोषणा तथा कार्ययोजना (१९९५), मानव बेचबिखन विरुद्धको पालेरमो प्रोटोकल (२०००), अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD),२००६ तथा बाल अधिकार महासन्धि (CRC), १९८९ ले महिला, बालिका तथा अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने हिंसा, शोषण, भेदभाव र मानव बेचबिखनको रोकथाम, संरक्षण, न्यायमा पहुँच, पुनर्स्थापना तथा सशक्तिकरणका लागि राज्यको दायित्व स्पष्ट गरेका छन् ।
साथै, संयुक्त राष्ट्रसंघीय विश्वव्यापी आवधिक समीक्षा (UPR), जनसङ्ख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD), १९९४ तथा दिगो विकास लक्ष्य (SDGs), विशेषगरी लक्ष्य ५ (लैङ्गिक समानता) ले महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा, हानिकारक अभ्यास, मानव बेचबिखन तथा यौन शोषण अन्त्य गर्न तथा लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक न्याय प्रवर्द्धन गर्न राज्यलाई आवश्यक कानूनी, नीतिगत तथा संस्थागत उपायहरू अवलम्बन गर्न मार्गनिर्देशन गरेका छन्। यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले नेपाललाई लैङ्गिक हिंसा रोकथाम, पीडित संरक्षण, न्यायमा पहुँच र समान अधिकार सुनिश्चित गर्न आवश्यक नीति, कानून तथा कार्यक्रम कार्यान्वयन गर्ने आधार प्रदान गरेका छन्। यसरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुद्वारा प्रत्याभूत **अधिकारको सम्मान, संरक्षण तथा परिपालन गर्ने राज्यको प्रमुख जिम्मेवारी भएको हुनाले** यसको व्यवहारमा उतार्न सकारात्मक पहल गर्नु संघीय शासन प्रणालीमा स्थानीय तहको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

## ३.२ राष्ट्रिय कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान, प्रचलित कानून तथा राष्ट्रिय नीतिहरूले लैङ्गिक हिंसा अन्त्य, लैङ्गिक समानता प्रवर्द्धन तथा पीडितको संरक्षणलाई विशेष प्राथमिकता दिएका छन् । नेपालको संविधान, २०७२ ले समानता, भेदभावरहित व्यवहार, महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्ध संरक्षण, मानव बेचबिखन निषेध, गोपनीयताको अधिकार, निःशुल्क कानूनी सहायता तथा सामाजिक न्यायको अधिकार मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३८ ले महिला विरुद्ध धार्मिक सामाजिक सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक मानसिक यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको प्रत्याभूत गरि धारा २१मा पीडित न्यायको हक प्रत्याभूत गरेको छ । साथै, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग तथा मुस्लिम आयोगलगायत संवैधानिक निकायहरूलाई मानव अधिकार संरक्षण तथा लैङ्गिक हिंसा सम्बोधन गर्ने जिम्मेवारी प्रदान गरिएको छ ।

त्यसै गरि मुलुकी अपराध संहिता, २०७४, तथा मुलुकी देवानी संहिता २०७४ मा विभिन्न परिच्छेदहरुमा लैङ्गिक हिंसा नियन्त्रण तथा निवारण सम्बन्धी विभिन्न व्यवस्था हरु गरेको छ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, बोक्सीको आरोपसम्बन्धी ऐन, २०७२, कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार निवारण ऐन, २०७१, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४, अपराध पीडित संरक्षण ऐन, २०७५ तथा **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियम ऐन २०७९, विद्युतीय इलेक्ट्रोनिक कारोबार ऐन २०६३ र कानूनी सहायता सम्बन्धी ऐन २०५४ लगायतका** कानूनी लैङ्गिक हिंसाका विभिन्न स्वरुपहरुलाई सम्बोधन गर्ने व्यवस्था गरेको छ ।

**लैङ्गिक हिंसाका विभिन्न प्रकारहरुमध्ये घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६** ले हिंसालाई यातनाको रुपमा परिभाषित गरि **शारीरिक यातना**, **मानसिक यातना**, **यौनजन्य यातना** र **आर्थिक यातना** लागतका हिंसालाई वर्षित गरेको छ । यस ऐनले **आर्थिक यातना** अन्तर्गत सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक

स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने र सो महिलाको कमाइमा नियन्त्रण गर्ने, दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई घरेलु हिंसाको रुपमा वर्जित गरेको छ ।

त्यसैगरि **कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ले "आफ्नो** पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा **यौनजन्य दुर्व्यवहार गर्न नहुने व्यवस्था गरेको छ ।**

यी कानूनहरूले यौन, शारीरिक, मानसिक, आर्थिक तथा घरेलु हिंसा, बालविवाह, दाइजो, बहुविवाह, बोक्सी आरोप, मानव बेचबिखन, तेजाब आक्रमण तथा विद्युतीय माध्यमबाट गरिने कुनै पनि प्रकारका हिंसाका साथै अन्य हानिकारक अभ्यासहरूलाई अपराधको रुपमा वर्जित गरेको छ भने पीडितको संरक्षण, न्यायमा पहुँच, क्षतिपूर्ति, पुनर्स्थापना, मनोसामाजिक सहयोग तथा कानूनी सहायता सुनिश्चित गर्ने व्यवस्था गरेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक हिंसा, बालविवाह तथा अन्य कुरीतिजन्य अभ्यासहरु अन्त्यका लागि स्थानीय तहको भूमिका स्पष्ट गर्दै खण्डीकृत तथ्याङ्क सङ्कलन, महिला तथा सीमान्तीकृत समूहको सहभागिता, तथा लैङ्गिक उत्तरदायी योजना तथा बजेट निर्माणलाई प्रोत्साहन गरेको छ। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले लैङ्गिक भेदभाव, हिंसा तथा शोषणमुक्त समाज निर्माण, महिलाको अर्थपूर्ण सहभागिता, लैङ्गिक उत्तरदायी शासन र लैङ्गिक समानतामा आधारित सामाजिक तथा आर्थिक रूपान्तरणलाई प्राथमिकता दिएको छ ।

त्यसैगरी, सोह्रौँ योजना (२०८१/८२–२०८५/८६) ले मानव बेचबिखन तथा हिंसाबाट प्रभावित व्यक्तिहरूको उद्धार, संरक्षण, पुनर्स्थापना तथा न्यायमा पहुँच विस्तार गर्ने, पुनर्स्थापना केन्द्रहरूको संख्या वृद्धि गर्ने तथा लैङ्गिक समानता र सामाजिक सचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। यी संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरूले लैङ्गिक हिंसा रोकथाम, संरक्षण, अभियोजन, पुनर्स्थापना तथा सशक्तिकरणका लागि राष्ट्रिय आधार तयार गरेका छन् ।

## ४. समस्या, चुनौती, रिक्तता तथा अवसर

### ४.१. समस्या

संविधान लागयत विभिन्न विशेष कानूनहरुले लैङ्गिक हिंसा निवारणका लागि विभिन्न कानूनी व्यवस्था गर्नुका साथै सहकार तथा सामाजिक संस्थाहरुबाट लामो समयदेखि पहल गरेको भए तापिन चन्द्रपुर नगरपालिकामा घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा तथा लैङ्गिक हिंसा अझै कायम छन्। मुस्लिम, मधेसी, जनजाति, दलित तथा अपाङ्गता भएका व्यक्तिहरू शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सार्वजनिक सेवामा समान पहुँचबाट वञ्चित छन्। गरिबी, अशिक्षा, बेरोजगारी र सामाजिक विभेदका कारण असमानता बढ्दै गएको छ, जसले महिला तथा सीमान्तकृत समुदायलाई बढी प्रभावित बनाएको छ। परिणामस्वरूप लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा न्यायमा पहुँच सुनिश्चित गर्ने नगरपालिकाका प्रयासहरू अपेक्षित रूपमा प्रभावकारी हुन सकेका छैनन् ।

लैङ्गिक हिंसाका कारण मानसिक स्वास्थ्यमा पर्ने दीर्घकालीन असर र मनोसामाजिक सेवाको सीमितताका कारण पीडितहरूले डिप्रेसन, चिन्ता, डर तथा भावनात्मक तनाव भोगिरहेका छन् ।

विद्यमान कानूनको कमजोर कार्यान्वयन, न्याय प्रक्रियामा ढिलाइ तथा प्रशासनिक जटिलताले पीडितहरूको न्यायमा पहुँच सीमित बनाएको छ। एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), महिला तथा बालबालिका सेवा केन्द्र, न्यायिक समिति तथा स्थानीय मेलमिलाप केन्द्रहरूको सीमित क्षमता र समन्वयको अभावका कारण सेवा प्रवाह प्रभावकारी

हुन सकेको छैन। त्यस्तै, रोकथाम, संरक्षण र अभियोजन तथा रेफरल प्रणालीहरू मानव अधिकार र लैङ्गिक समानता सिद्धान्तअनुसार पूर्ण रूपमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

### ४.२. चुनौती

**राजनीतिक चुनौती:** सबै तहका निर्णय प्रक्रियामा महिलाको न्यून प्रतिनिधित्वका कारण महिला तथा किशोरीहरूको न्यायमा पहुँच प्रभावकारी हुन सकेको छैन। लैङ्गिक हिंसाका विवादहरुमा परिवार तथा समुदायमै मिलाउन दबाब दिने र राजनीतिक पहुँचको आधारमा दोषीहरू जवाफदेहिताबाट उम्किने प्रवृत्तिले निष्पक्ष न्यायमा बाधा पुऱ्याएको छ। साथै, लैङ्गिक समानता र हिंसा न्यूनीकरणका कार्यक्रमहरूलाई प्राथमिकता नदिइनु तथा बजेट र कार्यान्वयन कमजोर रहनु पनि प्रमुख चुनौती हो।

**सामाजिक तथा लैङ्गिक चुनौती:** दाइजो, बोक्सीको आरोप, बालविवाह, घरेलु हिंसा, लैङ्गिक असमान पारिवारिक जिम्मेवारी, पितृसत्तात्मक सोच र सामाजिक लान्छनाजस्ता हानिकारक प्रथाहरूले लैङ्गिक हिंसा बढाइरहेका छन्। डर, त्रास, लाज र सामाजिक दबाब तथा असहयोगका कारण धेरै पीडितहरू उजुरी गर्न सकिरहेका छैनन्। मुस्लिम, दलित र आर्थिकरूपमा सीमान्तकृत समुदायका महिला तथा बालिकाहरू हिंसाको उच्च जोखिममा छन्।

**आर्थिक चुनौती:** भ्रष्टाचार, कमजोर सुशासन, असुरक्षित बसाइँसराइ र महिलाको सम्पत्तिमाथिको कानूनी अधिकार व्यवहारमा प्रभावकारी कार्यान्वयन नहुनुले महिला, किशोरी तथा लैङ्गिक अल्पसंख्यकलाई हिंसाको जोखिममा पारेका छन्। सीमित बजेट र स्रोतका कारण सेवा गृह, सुरक्षित आवास, परामर्श र पुनःस्थापना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्। साथै, कानूनी सहायता पूर्ण रूपमा निःशुल्क नहुनु र न्यायिक संयन्त्रको कमजोर जवाफदेहिताका कारण आर्थिक रूपमा सीमान्तकृत पीडितहरूको न्यायमा पहुँच सीमित भएको छ।

**मानव अधिकार पद्धति सम्बन्धी चुनौती:** मानव अधिकारमा आधारित पद्धति (HRBA) सम्बन्धी कम बुझाइ र यसको प्रभावकारी कार्यान्वयनको अभावका कारण लैङ्गिक हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घनका रूपमा पूर्ण रूपमा सम्बोधन हुन सकेका छैनन्। हिंसा रोकथाम, पीडित संरक्षण, अभियोजन र न्यायमा पहुँच प्रभावकार रुपमा कार्यान्वयन हुन सकिरहेका छैनन्। व्यवहारमा मानव अधिकारमा आधारित पद्धति अनुसार ग्रामीण महिला तथा बालिका, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक अल्पसंख्यकका लागि लैङ्गिक हिंसा सम्बन्धी सेवा, नीति र कार्यक्रमहरू अविभेद र समावेशितामा आधारित हुनसकेका छैनन्।

### ४.३ रिक्तता

यस नगरपालिकाका विद्यमान नीति–नियमहरूमा लैङ्गिक हिंसालाई मूलप्रवाहीकरण गर्न सकिरहेका छैनन्।

- लैङ्गिक हिंसा, बालविवाह, दहेजका कारण हुने हिंसा नियन्त्रणका लागि रणनीतिक पहल नभएको।
- रेस्टुरेन्ट, होटल लगायतका अनौपचारिक क्षेत्रमा हुने बाल श्रम, बालबालिकाविरुद्धको हिंसा तथा बेचबिखन नियन्त्रणका लागि विशेष नीतिगत तथा कार्यगत प्रयास नभएको।
- पालिकाको स्वास्थ्य नीति २०८० मा किशोरी तथा महिलाहरूका स्वास्थ्य समस्या र चुनौतीहरू विस्तृत रूपमा उल्लेख गर्न सकेको छैनन्।
- सरोकारवालाहरूका अनुसार एकद्वार संकट व्यवस्थापन केन्द्र र पालिका बीच समन्वयमा अन्तर (Gap) हुँदा धेरै लैङ्गिक हिंसाका घटनाहरू पालिकाबाट केन्द्रमा रेफर हुँदैनन्।
- मधेश प्रदेशको सारभूत लैङ्गिक समानता नीति, २०७९ तथा कार्यक्रमअनुसार प्रदेशले सबै जिल्लाहरूमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना गर्ने तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

निर्माण गर्ने प्रतिबद्धता जनाएको भए तापनि चन्द्रपुर नगरपालिकामा हालसम्म उक्त कोषको स्थापना तथा नीति निर्माण हुन सकेको छैन।

### ४.४ अवसर

दिगो विकास लक्ष्य (SDG) ५ ले नेपाललाई लैङ्गिक समानता हासिल गर्न महत्वपूर्ण अवसर प्रदान गरेको छ। लैङ्गिक समानता र महिला सशक्तिकरण गर्न नेपाललाई नीति तथा कार्यक्रम सुधार गर्ने अवसर मिलेको छ। कानूनी सुधार, संस्थागत सुदृढीकरण र लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय सहयोग, प्राविधिक सहायता र वित्तीय स्रोत प्राप्त गर्ने अवसर छ। दिगो विकास लक्ष्यले स्थानीय, प्रदेश र संघीय सरकारबिच समन्वय सुधार गरी लैङ्गिकमैत्री शासन प्रणाली विकास गर्ने अवसर छ।

- नेपालको संविधान अनुसार स्थानीय सरकारलाई आफ्ना पालिकाका लागि कानून, नीति तथा कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने अधिकार समेत रहेको हुनाले पालिकालाई आफ्ना प्राथमिकता तथा आवश्यकताका आधारमा कानून तथा नीति निर्माण गरी काम गर्ने अवसर प्राप्त भएको छ।
- स्थानीय सरकारले लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी नीति निर्माण तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै पालिकालाई लैङ्गिक हिंसा मुक्त पालिका बनाउन सकेमा स्थानीय सरकार कार्यसम्पादन मूल्यांकन प्रणाली (Local Government Performance Assessment System – LGPAS) अन्तर्गत सुशासन, सामाजिक न्याय र लैङ्गिक समानताको गुणस्तरमा सुधार भई पालिकाको कार्यसम्पादनमा उच्च दर्जा (ranking) प्राप्त गर्ने अवसर पालिकालाई मिलेको छ।

## ५.लैङ्गिक हिंसा निवारण नीतिको आवश्यकता तथा औचित्यता

मधेश प्रदेश लैङ्गिक हिंसाबाट अत्यधिक प्रभावित प्रदेशहरूमध्ये एक हो। रौतहट जिल्ला तथा चन्द्रपुर नगरपालिकामा लैङ्गिक हिंसा सम्बन्धी छुट्टै नीति नभएकाले, लैङ्गिक हिंसा विरुद्ध सरकारी तथा गैरसरकारी सरोकारवालाहरूलाई सामूहिक तथा समन्वयात्मक रूपमा प्रभावकारी रोकथाम र पीडित संरक्षण सम्बन्धी कार्य गर्न स्थानीय सरकारको जिम्मेवारी भए तापिन नीतिगत रुपमा प्रभावकारी हुन सकेको छैन। लैङ्गिक हिंसा प्रतिकार्यमा संलग्न जिल्ला, स्थानीय तह तथा समुदाय स्तरका सरोकारवालाहरूबिच लैङ्गिक हिंसा सम्बन्धी कानून तथा नीति र लैङ्गिक हिंसाका घटना सम्प्रेषण संयन्त्रहरूबारे बुझाइमा ठूलो अन्तर (Gaps) रहेकाले सरकारी तथा गैरसरकारी सरोकारवालाहरूले लैङ्गिक हिंसा विरुद्ध प्रभावकारी रूपमा काम गर्न सकेका छैनन्।

जनताको सुरक्षा तथा सन्तुष्टिको मात्रा सुशासनको मूल्याङ्कनको आधार हो। यो सिद्धान्त लैङ्गिक हिंसाको हकमा पनि लागू हुने भएकाले, महिला, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सबै नागरिकलाई लैङ्गिक हिंसाबाट संरक्षण गर्न लैङ्गिक हिंसा निवारण नीतिको औचित्य रहेको छ।

लैङ्गिक हिंसा अन्त्य हुन नसकेमा देशको समग्र विकासमा असर पर्ने तथा दिगो विकास लक्ष्य हासिल गर्न र मानव विकास सूचकाङ्क सुधार गर्न सरकारलाई चुनौती हुने कुरालाई ध्यानमा राख्दै, मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने राज्यको दायित्व बमोजिम महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अन्य सीमान्तकृत समुदायका व्यक्तिहरूलाई लैङ्गिक हिंसाबाट मुक्त गरी उनीहरूको संवैधानिक अधिकार, मर्यादा तथा सामाजिक र आर्थिक सशक्तिकरणको प्रवर्द्धन गर्ने उद्देश्यले चन्द्रपुर नगरपालिकाले यो लैङ्गिक हिंसा निवारण नीति तयार गरेको छ।

लैङ्गिक हिंसा निवारण नीति लैङ्गिक हिंसाको रोकथाम (Prevention), संरक्षण (Protection) र निषेध (Prohibition) मा केन्द्रित भए तापनि यसले लैङ्गिक हिंसाको अभियोजन (Prosecution) मा समेत सहजीकरण गर्न योगदान पुऱ्याउने लक्ष्य राख्दछ।

## ६. लैङ्गिक हिंसा निवारण नीति निर्माणको विधि तथा प्रक्रिया

यस पालिकाको लैङ्गिक हिंसा निवारण नीति तयार गर्ने क्रममा नीति निर्माण गरनु भन्दा पुर्व लैङ्गिक हिंसा सम्बन्धी विद्यमान राष्ट्रिय, स्थानीय तथा अन्तर्राष्ट्रिय कानूनहरूको समीक्षा (Desk Review) गरि निष्कर्षका आधारमा र लैङ्गिक हिंसाको क्षेत्रमा कार्यरत सरकारी तथा अन्य प्रमुख सरोकारवालाहरूसँग पालिकास्तरमा परामर्श (Consultation) बाट प्राप्त सुझावहरूको आधारमा यो नीति तयार गरिएको छ।

त्यसैगरी जिल्ला, नगरपालिका र समुदाय स्तरका सरोकारवालाहरूसँग गरिएको समूह छलफल (FGD) र प्रमुख सूचनादाताहरुसँग गरिएको अन्तर्वार्ता (KII) बाट प्राप्त सुझावहरूलाई पनि यस नीति निर्माणको आधार बनाइएको छ। मस्यौदा नीतिमा नगरपालिकाले नगरस्तरीय वैधताको लागि कार्यशाला (Validation Workshop) आयोजना गरी मसौदा नीतिमाथि छलफल तथा सुझावहरू संकलन गरी नीतिलाई अन्तिम रूप दिएको छ ।

## ७. मानव अधिकारका सिद्धान्त :

यो लैङ्गिक हिंसा निवारण नीति तयार गर्दा मानव अधिकार सम्बन्धी देहायका सिद्धान्तहरु अवलम्बन गरेको छ

**७.१ अविभेद:** नीति कार्यान्वयनका क्रममा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक तथा पिछडिएका क्षेत्र, समुदाय, जातजाति, आर्थिक–सामाजिक अवस्था वा अन्य कुनै पनि आधारमा भेदभाव नगरिने सिद्धान्त अपनाएको छ।

**७.२ अर्थपूर्ण सहभागिता:** नीतिले नगरपालिकाको लैङ्गिक हिंसा रोकथाम तथा पीडित संरक्षण सम्बन्धी हरेक कार्यक्रममा सबै लिङ्ग, वर्ग, उमेर समूह, जाति, क्षेत्र, पेशा तथा समुदायको समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

**७.३ उत्तरदायित्व तथा जवाफदेहिता:** नीति कार्यान्वयनका क्रममा आउन सक्ने हरेक अवस्थामा नगरपालिकाका प्रतिनिधि तथा कर्मचारीहरू प्रभावित तथा जोखिममा परेका व्यक्तिहरूप्रति जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

**७.४ शून्य सहनशीलता:** नीतिले नगरपालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेद, हिंसा र शोषणका घटनाहरूमा शून्य सहनशीलताको नीति अपनाएको छ।

**७.५ कसैलाई पनि हानि नपुऱ्याउने:** नीतिले समेटेका गतिविधिले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त अवलम्बन गरेको छ।

## ८. नीति संरचना

लैङ्गिक **हिंसा निवारण नीतिको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य, नीति, रणनीति तथा कार्यनीति**

८.१ **दूरदृष्टि (Vision)**: सबै प्रकारका लैङ्गिक हिंसा तथा भेदभावरहित मर्यादित तथा सामाजिक न्याय सहितको पालिका ।

८.२ **ध्येय (Mission):** मानव अधिकार, न्याय, मर्यादा र समानतको सुनिश्चित गर्दै लैङ्गिक हिंसा तथा भेदभाव अन्त्यको लागि जवाफदेही नगरपालिकाको निर्माण गर्ने ।

८.३ **लक्ष्य (Goal):** सबै प्रकारका लैङ्गिक हिंसाको रोकथाम, संरक्षण, न्यायमा पहुँच र पुनःस्थापनामार्फत सुरक्षित, सम्मानजनक र हिंसामुक्त समाज निर्माण गर्ने ।

८.४ **उद्देश्यहरू (Objectives)**

यस नीतिको लक्ष्य हासिल गर्न लिईने उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

१. चन्द्रपुर नगरपालिकालाई २०३५ सम्म लैङ्गिक हिंसा शून्य सहनशीलता (Zero Tolerance) सहितको पालिकामा रूपान्तरण गर्ने ।

२. अन्तरविविधता तथा अधिकारमुखी अवधारणाका आधारमा लैङ्गिक हिंसाका प्रभावित तथा जोखिममा रहेका समुदायहरुको अधिकार संरक्षण गर्ने।
३. लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई न्यायमा पहुँचको सुनिश्चितता गर्ने।
४. लैङ्गिक हिंसा निवारणमैत्री संस्थागत संरचनाको स्थापना तथा विकास गर्ने

८.५ **प्रमुख नीतिहरु (Policies)**

यस नीतिको उद्देश्य परिपूर्तिका लागि देहायका प्रमुख नीतिहरु अवलम्बन गरिनेछ।

१. निरोधात्मक उपायहरू अपनाई पालिकाका सबै वडाहरूलाई लैङ्गिक हिंसा–मुक्त बनाइनेछ।
२. लैङ्गिक हिंसाका पीडित, प्रभावित तथा जोखिममा रहेका व्यक्ति तथा समुदायहरूलाई अधिकारमुखी–दृष्टिकोणका आधारमा संरक्षण गरी आवश्यक सेवा सुविधाहरूमा पहुँच वृद्धि गराइनेछ।
३. लैङ्गिक हिंसाबाट प्रभावित तथा जोखिममा रहेका महिला, बालबालिका, किशोरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायहरूको कानूनी हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
४. लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित संस्थागत संरचनाहरूको स्थापना, सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ।

## ९. रणनीति र कार्यनीतिहरू:

यस लैङ्गिक निवारण नीति प्रभावकारी रुपमा नीति कार्यान्वयनका लागि देहायनुसारको रणनीति तथा कार्यनीतिहरु तय गरिएको छ।

**उदेश्य १.** चन्द्रपुर नगरपालिकालाई २०३५ सम्म लैङ्गिक हिंसा शून्य सहनशीलता (Zero Tolerance) सहितको पालिकामा रूपान्तरण गर्ने।

| |
|---|
| **नीति १.** निरोधात्मक उपायद्वारा पालिकाका सबै संरचना तथा वडाहरूलाई लैङ्गिक हिंसा मुक्त बनाइनेछ। |
| **रणनीति १. सबै प्रकारका लैङ्गिक हिंसा उन्मूलन तथा सम्बोधनका लागि पालिकाका नयाँ कानून तर्जुमा तथा विद्यमान कानून र नीतिहरुको अध्ययन गरि परिमार्जन गर्ने।** |
| **कार्यनीति १.** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा रोजगारी सँग सम्बन्धित पालिकाका विद्यमान कानून तथा नीतिहरूको अध्ययन गरी कार्यान्वयनार्थ आवश्यक परिमार्जन गर्ने।<br>**कार्यनीति २** लैङ्गिक हिंसा सम्बोधनका लागि आवश्यक कानून, कोष सम्बन्धी नियमावली, निर्देशिका, कार्यस्थलमा हुने यौन दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचारसंहिता तथा कार्ययोजना तर्जुमा गरि प्रभावकारी रुपमा लागु गर्ने।<br>**कार्यनीति ३.** पालिकाका सबै नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रमहरूमा लैङ्गिक हिंसा निवारणका सिद्धान्तहरूलाई मूलप्रवाहीकरण (Mainstreaming) गर्ने गरि अवलम्बन गर्ने।<br>**कार्यनीति ४.** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण (Remittance) को दुरुपयोग तथा अनुत्पादक खर्चका कारण उत्पन्न हुन सक्ने पारिवारिक तनाव र लैङ्गिक हिंसाको जोखिमलाई ध्यानमा राखी विप्रेषणलाई उत्पादनशील क्षेत्र, उद्यम विकास, कृषि, व्यवसाय तथा रोजगारीमूलक गतिविधिहरूमा लगानी गर्न प्रोत्साहन गर्ने नीति तथा कार्यक्रमहरू सञ्चालन गर्ने।<br>**कार्यनीति ५.**बालविवाह तथा दाइजो प्रथा उन्मूलन सम्बन्धी रणनीति तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्ने |
| **रणनीति २. सबै प्रकारका लैङ्गिक हिंसा तथा हिंसालाई प्रोत्साहन गर्ने लैङ्गिक भेदभावमूलक सामाजिकीकरण, परम्परागत तथा सामाजिक हानिकारक अभ्यासहरुको अन्त्य गर्ने।** |
| **कार्यनीति १.** पालिकामा विद्यमान तथा सम्भावित लैङ्गिक हिंसा जोखिम (Risk Assessment) मूल्याङ्कन गर्ने। |

**कार्यनीति २.** सबै वडाका विभिन्न समुदायहरु (ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु समेत) माथि भएका लैङ्गिक हिंसाको प्रकृति , कारकतत्वहरु, परिणाम र समाधानका उपायहरु बारे वडा स्तरीय तथ्याङ्क तथा सूचना सङ्कलन गरि वार्षिकरुपमा अद्यावधिक राख्ने।

**कार्यनीति ३.** बालविवाह, दाइजो प्रथा, महिनावारी भेदभाव, बोक्सीको आरोप, बहुविवाह, विद्युतिय तथा प्रविधि मार्फत हुने हिंसा, घरेलु हिंसा, सार्वजनिक तथा कार्यस्थलमा हुने हिंसा विरुद्ध समुदायस्तरीय सचेतना अभियान सञ्चालन गर्ने।

**कार्यनीति ४.** विद्यालय, मदरसा, युवा समूह, महिला समूह तथा समुदायमा लैङ्गिक समानता, मानव अधिकार र हिंसा निवाकरणमा पूरुष तथा किशोरहरुको भूमिका सम्बन्धी नियमित अभिमुखीकरण तथा संवाद कार्यक्रम सञ्चालन गर्ने।

**कार्यनीति ५.** सामाजिक व्यवहार परिवर्तन सञ्चार (SBCC )अवधारणालाई अवलम्बन गर्दै धार्मिक अगुवा, शिक्षक, जनप्रतिनिधि, युवा तथा समुदायका प्रभावशाली व्यक्तिहरुलाई लैङ्गिक भूमिका तथा व्यवहार परिवर्तन सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने।

**कार्यनीति ६.** महिला तथा किशोरीहरुको प्रजनन स्वास्थ्य अधिकार विरुद्धको हिंसा सँग सम्बन्धित महिनावारी भेदभाव, असुरक्षित गर्भपतन तथा गर्भनिरोधक साधनको प्रयोग तथा सुत्केरीसँग सम्बन्धित लाञ्छना विरुद्ध महिला स्वास्थ्य स्वयंसेवी, किशोरकिशोरी, शिक्षक तथा परिवारसँग सम्वाद कार्यक्रम सञ्चालन गर्ने,

**उदेश्य २.** अन्तरबिविधता तथा अधिकारमुखी अवधारणाका आधारमा लैङ्गिक हिंसाका प्रभावित तथा जोखिममा रहेका समुदायहरुको अधिकार संरक्षण गर्ने।

**नीति २.** लैङ्गिक हिंसाका प्रभावितहरूलाई अन्तरबिविद्यता तथा अधिकारमुखी अवधारणाका आधारमा संरक्षण गरी अत्यावश्यक सेवा सुविधाहरू उपलब्ध गराइनेछ।

**रणनीति १: लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सशक्तिकरण (Empower) गर्ने।**

**कार्यनीति १.** सम्बन्धित सबै सरकारी तथा गैरसरकारी सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरी लैङ्गिक हिंसाबाट प्रभावितहरूको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सशक्तिकरणका लागि एकिकृत कार्यक्रम (Integrated Programme) तयार गरी कार्यान्वयन गर्ने।

**कार्यनीति २.** पालिकाले प्रदान गर्ने आधारभूत सेवा सुविधा जस्तै व्यक्तिगत घटना दर्ता, नागरिकता सिफारिस र सामाजिक सुरक्षा कार्यक्रमहरुलाई **अन्तरबिविधता तथा अधिकारमुखी अवधारणाका आधारमा** पीडित तथा प्रभावितहरुको पहुँचको लागि सहजीकरण गर्ने।

**कार्यनीति ३.** युवाहरूमा बढ्दो लागुऔषध दुर्व्यसन तथा मदिरा सेवनका कारण उत्पन्न हुन सक्ने लैङ्गिक हिंसाको जोखिम रोक्न विद्यालय, क्याम्पस तथा समुदायस्तरमा नियमित सचेतना, जीवनोपयोगी सिप (Life Skills) तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यनीति ४.** लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको अवस्था अनुसार आवश्यक कानूनी तथा मनोसामाजिक परामर्श स्थानीय तहमा सहज उपलब्ध गराउने

**कार्यनीति ५.** निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको जीविकोपार्जनका लागि स्थानीय निजी क्षेत्र तथा व्यवसायीहरुसँग समन्वय सहकार्य तथा साझेदारी गरि दिगो पुनर्स्थापना गर्ने।

| |
|---|
| **रणनीति २: लैङ्गिक हिंसाको जोखिममा रहेका महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत अन्य सीमान्तकृत समुदायलाई लैङ्गिक हिंसाबाट सुरक्षित राख्न विशेष व्यवस्था गर्ने ।** |
| **कार्यनीति १.** लैङ्गिक हिंसाको जोखिममा रहेका अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको वास्तविक समस्याबारे अध्ययन तथा विश्लेषण गर्ने।<br>**कार्यनीति २.** स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्रक्रियामा लैङ्गिक हिंसालाई मूलप्रवाहीकरण गर्ने व्यवस्था सुनिश्चित गर्ने।<br>**कार्यनीति ३.** पालिका र वडाको बजेट तथा कार्यक्रमलाई मुस्लिम लगायत अन्य सीमान्तकृत समुदायका विभिन्न समूह र अपाङ्गता भएका महिला तथा किशोरीका कानूनी अधिकार र हिंसा विरुद्धको उजुरी प्रक्रिया तथा संयन्त्रको बारेमा समुदायस्तरदेखि सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>**कार्यनीति ४.** लैङ्गिक हिंसा रोकथाममा पुरुष, किशोर तथा बालकहरूको सकारात्मक भूमिका तथा सहभागिता प्रवर्द्धन गर्न किशोर समूह गठन गरि विद्यालय तथा समुदायमा अभियान कार्यक्रम सञ्चालन गर्न समूह परिचालन गर्ने. ।<br>**कार्यनीति ५.** लैङ्गिक हिंसा पीडित तथा प्रभावित र उनीहरूका परिवारको मानसिक स्वास्थ्य तथा कल्याणका लागि परामर्श सेवा, स्वास्थ्य परीक्षण, योग तथा ध्यान (Meditation) लगायतका एकीकृत सेवा प्याकेज निर्माण गरी प्रत्येक वडामा कार्यान्वयन गर्ने।<br>**कार्यनीति ६.** "मर्यादित परिवार नगरपालिकाको सरोकार" नारासहित महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति (अपाङ्गताको प्रकार तथा डिग्रीको आधारमा) तथा जेष्ठ नागरिकहरुमाथि हुने हिंसा विरुद्ध पारिवारिक सचेतना चलाउने, |

**उदेश्य ३.** लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई न्यायमा पहुँचको सुनिश्चितता गर्ने ।

| |
|---|
| **नीति ३. लैङ्गिक हिंसाबाट प्रभावित तथा जोखिममा रहेका महिला, बालबालिका, किशोरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायहरूको कानूनी हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।** |
| **रणनीति १. लैङ्गिक हिंसा सम्बन्धी विवादको प्रभावकारी सम्बोधनका लागि स्थानीय न्यायिक समितिको क्षमता तथा कार्यदक्षता अभिवृद्धि गर्ने।** |
| **कार्यनीति १.** न्यायिक समितका सदस्य तथा सम्बन्धित कर्मचारीहरुलाई लैङ्गिक हिंसा सम्बोधन सम्बन्धी कानूनी व्यवस्था र मुद्दा व्यवस्थापन तथा पीडितको गोपनीयताको हक सम्बन्धी कानूनी व्यवस्था बारेमा क्षमता अभिवृद्धि गर्ने।<br>**कार्यनीति २.** न्यायिक समिति, वडास्तरका मेलमिलापकर्ताहरू, प्रहरी, स्वास्थ्यकर्मी, एकद्वार संकट व्यवस्थापन केन्द्र, सेवा गृह तथा अन्य सरोकारवालाहरूलाई लैङ्गिक हिंसा, मानव अधिकार तथा पीडित–केन्द्रित न्याय (victim-centered justice) को बारेमा सैद्धान्तिक तथा व्यावहारिक क्षमता अभिवृद्धि गर्ने ।<br>**कार्यनीति ३.** लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई न्यायिक प्रक्रियामा आवश्यक तथा अन्य सहयोग गर्न पालिकामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत हेल्पडेस्क तथा पीडित संरक्षण कक्षको स्थापना गर्ने। |

| |
|---|
| **कार्यनीति ४.** महिला तथा अपाङ्गता भएका व्यक्तिहरु पक्ष भएका मुद्दाहरु लैङ्गिक दृष्टिकोणले संवेदनशील रुपमा हेर्न लैङ्गिकमैत्री मुद्दा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने, |
| **रणनीति २: समुदायमा कानूनी सूचना तथा साक्षरता अभिवृद्धि गरी कानूनी सेवालाई सर्वसुलभ तथा पहुँचयोग्य बनाउने ।** |
| **कार्यनीति १.** लैङ्गिक हिंसाको कारण, परिणाम र हिंसा विरुद्धका कानूनी अधिकारको सम्बन्धमा टोल टोलमा स्थानीय दम्पत्ति कानूनी साक्षरता महाअभियान कार्यक्रम सञ्चालन गर्ने ।<br>**कार्यनीति २. "लैङ्गिक हिसा मुक्त नगरपालिका हाम्रो प्रतिबद्धता"** नारा सहित लैङ्गिक हिंसा रोकथाम तथा शून्य सहनशीलताको बारेमा मिडिया अभियान सञ्चालन गर्ने ।<br>**कार्यनीति ३.** लैङ्गिक हिंसा निवारण सम्बन्धी सिकाइ, असल अभ्यास तथा चुनौतीहरूको आदान–प्रदानका लागि पालिकाभित्रका सबै सरकारी तथा गैरसरकारी संरचनाहरूबिच आवधिक **साझा सिकाइ कार्यक्रम** सञ्चालन गर्ने।<br>**कार्यनीति ४.** लैङ्गिक हिंसा रोकथाम तथा न्यायिक प्रक्रियामा योगदान गर्न लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरूमध्ये रोल मोडेल हिंसा प्रभावितको पहिचान तथा छनोट गरी **"हिंसा निवारण अभियन्ता"** (Champions) को रूपमा विकास तथा परिचालन गर्ने।<br>**कार्यनीति ५.** कार्यस्थलमा हुने दुर्व्यवहार, मर्यादित श्रम, प्रजनन स्वास्थ्य अधिकार र यससँग सम्बन्धित हिंसा, बारेमा न्यायिक समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने, |
| **रणनीति ३. न्यायमा पहुँचको सुनिश्चितता गर्न विद्यमान सम्प्रेषण प्रणालीलाई सुदृढीकरण गर्ने ।**<br>**कार्यनीति १.** हिंसा प्रभावित र जोखिमयुक्त समूह (महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यक) का लागि उनीहरूको अनुकूल भाषा र माध्यममा (जस्तै: ब्रेल, साङ्केतिक भाषा, रैथाने भाषा) कानुनी साक्षरता सामग्री निर्माण गरी वितरण गर्ने।<br>**कार्यनीति २.** विद्यालय, कलेज र समुदायस्तरमा लैङ्गिक हिंसा, अनलाइन हिंसा, र कानुनी उपचारका प्रक्रियाबारे निरन्तर सचेतनामूलक अभियान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>**कार्यनीति ३.** जोखिममा रहेका व्यक्तिहरूलाई आफ्नो अधिकारको वकालत आफैं गर्न सक्ने बनाउन नेतृत्व विकास र कानुनी प्रवर्द्धन (Legal Advocacy) सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने।<br>**कार्यनीति ४.** स्थानीय सञ्चारमाध्यम (एफ.एम. रेडियो, सामुदायिक टेलिभिजन) र डिजिटल प्लेटफर्मको प्रयोग गरी कानुनी हक अधिकार र हिंसाविरुद्धका कानुनी प्रावधानहरूको व्यापक प्रचार-प्रसार गर्ने।<br>**कार्यनीति ५.** विद्यालयभित्र तथा बाहिरका किशोरी तथा महिलाहरुको लागि आत्मरक्षासम्बन्धी तालिमहरु सञ्चालन गर्ने, |
| **रणनीति ४.** लक्षित समूहको कानुनी साक्षरता, सचेतना र सशक्तिकरण गर्ने |

**उद्देश्य ४. लैङ्गिक हिंसा निवारणमैत्री संस्थागत संरचनाको स्थापना तथा विकास गर्ने ।**

| |
|---|
| नीति ४. **लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित संस्थागत संरचनाहरूको स्थापना, सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ।** |
| रणनीति १. **पालिका, वडा तथा समुदायस्तरमा लैङ्गिक हिंसा रोकथाम तथा सम्बोधन प्रणालीको स्थापना तथा सुदृढीकरण गर्ने।** |

| |
|---|
| कार्यनीति १. न्यायिक समिति तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखाको भौतिक संरचना तथा सूचना सम्प्रेषण प्रणालीलाई लैङ्गिकमैत्री बनाई तथा उनीहरूको समुदायसँगको सम्बन्धलाई सुदृढीकरण गर्ने।<br>कार्यनीति २. वडा तथा समुदायस्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, लैङ्गिक हिंसा रोकथाम तथा निगरानी समिति, सञ्जाल, क्लब तथा समूह गठन, परिचालन तथा विस्तार गर्ने।<br>कार्यनीति ३. लैङ्गिक हिंसा तथा हानिकारक अभ्याससम्बन्धी अवस्था तथा कानून कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन प्रणाली विकास गर्ने।<br>कार्यनीति ४. वडामा लैङ्गिक तथा अपाङ्गतामैत्री मेलमिलाप कक्षको व्यवस्था गर्ने।<br>कार्यनीति ५. अन्तरजातीय विवाहका कारण हुने लैङ्गिक हिंसाका घटनाहरूको अनुगमन तथा यस्ता विवाह गर्ने दम्पत्तिहरूलाई पालिकाबाट विशेष सेवा तथा सुविधा सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने। |
| **रणनीति २.** पालिकाभित्र रहेका सम्पूर्ण सरकारी संयन्त्र तथा संरचनाहरूलाई लैङ्गिक, अपाङ्गता तथा सामाजिक समावेशी (GEDSI) मैत्री बनाउने। |
| कार्यनीति १. सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा सार्वजनिक भवनहरूमा र्याम्प (Ramp), संकेत चिन्ह लगायत अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री शौचालयको व्यवस्था गर्ने।<br>कार्यनीति २. विद्यालय तथा सार्वजनिक संस्थाहरुमा लैङ्गिक हिंसा रोकथामका लागि आचार संहिता निर्माण तथा गुनासो सुनुवाई समिति तथा प्रणाली गठन गर्ने ।<br>कार्यनीति ३. विद्यालय तथा हरेक वडाहरूमा लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको लागि दक्ष मनोसामाजिक परामर्शकर्ता तथा पहुँचयोग्य परामर्श कक्षको व्यवस्था गर्ने।<br>कार्यनीति ४. विद्यालय, मदरसा तथा कलेज स्तरमा किशोर–किशोरी लक्षित जीवन उपयोगी शिक्षा र लैङ्गिक समानता सम्बन्धी पाठ्य/अभिमुखीकरण कार्यक्रम समावेश गर्ने। |
| **रणनीति ३.** पालिकाका नीति तथा कार्यक्रमहरूलाई लैङ्गिक हिंसा उत्तरदायी (GBV Responsive) बनाउने। |
| कार्यनीति १. न्यायिक समिति तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा तथा अन्य कर्मचारीहरूको कार्यसम्पादनलाई लैङ्गिक हिंसा उत्तरदायी बनाउन प्रणाली तथा क्षमता विकास गर्ने।<br>कार्यनीति २. स्थानीय योजना निर्माण प्रक्रियामा लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरू तथा उनीहरूका प्रतिनिधि संस्थाहरूको सहभागिता अनिवार्य गर्ने।<br>कार्यनीति ३. पालिकाको प्रत्येक आर्थिक वर्षको नीति कार्याक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक हिंसा निवारण नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न पर्याप्त वजेट विनियोजन गर्ने ।<br>कार्यनीति ४. लैङ्गिक हिंसा सम्बन्धी गुनासो दर्ता, तथ्याङ्क व्यवस्थापन र गोपनीयता संरक्षणका लागि डिजिटल प्रणालीको विकास तथा प्रयोग गर्ने<br>कार्यनीति ५. लैङ्गिक हिंसा निवारण तथा पीडित सहायताको लागि पर्याप्त वजेट सहित कोषको स्थापना तथा संरचनाहरु निर्माण र परिचालन गर्ने। |

## १०. नीति कार्यान्वयन

### १०.१ संस्थागत व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन तथा समन्वय गर्न देहायका अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्था गरेको छः

१. उप प्रमुख, चन्द्रपुर नगरपालिका — संयोजक

| | | |
|---|---|---|
| २. | वडा अध्यक्ष (१) | सदस्य |
| ३. | दलित महिला वडासदस्य | सदस्य |
| ४. | प्रमुख, सामाजिक विकास शाखा | सदस्य |
| ५. | बाल कल्याण अधिकारी | सदस्य |
| ६. | पालिकाको कानून अधिकृत तथा कानून विज्ञ | सदस्य |
| **७.** | मेलमिलाप (१) | सदस्य |
| ८. | संयोजक, नगरपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल | सदस्य |
| ९. | प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | सदस्य सचिव |

समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बसी लैङ्गिक हिंसा निवारण नीतिको कार्यान्वयनको अवस्था र कार्यान्वयनको प्रभावकारिताको अनुगमन तथा समीक्षा गरिनेछ।

### १०.२ कानूनी व्यवस्था

नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार कानून, नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा तथा कार्यान्वयन गरिनेछ। नीतिको स्वीकृत भएको मितिबाट एक वर्षभित्र गतिविधि र प्रगति सूचकहरू सहितको विस्तृत कार्ययोजना तयार गरिनेछ। लैङ्गिक हिंसालाई सम्बोधन हुने गरी पालिकाका सबै कानून तथा नीतिहरूलाई यस नीति अनुसार परिमार्जन गरिनेछ।

### १०.३ वित्तीय व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आन्तरिक तथा बाह्य बजेट व्यवस्थापन गरिनेछ। पालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटमा नीति कार्यान्वयन सम्बन्धी व्यवस्थाहरु समावेश गरी संघ, प्रदेश र स्थानीय तहमा आवश्यक समन्वय र सामञ्जस्य कायम गरिनेछ। लैङ्गिक हिंसा उन्मूलनका लागि रोकथाम, संरक्षण, निषेध सम्बन्धी हस्तक्षेपलाई योजनाबद्ध र व्यवस्थित तुल्याउन आवश्यक योजना तथा बजेटको व्यवस्था गरिनेछ। साथै, स्थानीय समुदाय परिचालन तथा जनसहभागिता केन्द्रित कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ।

### १०.४ समन्वय र सामञ्जस्य

नीतिको प्रभावकारी कार्यान्वयनका लागि चन्द्रपुर नगरपालिकाले देहायका स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग आवश्यक समन्वय, सहकार्य तथा साझेदारीको विकास गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ।

**स्थानीय सरोकारवालाहरू:** महिला समूह, बाल क्लब, युवा क्लब, सहकारी संस्थाहरू, किसान समूह, लैङ्गिक हिंसा निवारण सञ्जाल, मनोसामाजिक परामर्शदाता, धार्मिक अगुवा, मेलमिलाप केन्द्र, विद्यालय र कलेज, सञ्चारकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आदि।

**जिल्लास्तरीय सरोकारवालाहरू:** एकद्वार संकट व्यवस्थापन केन्द्र, प्रहरीको महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, जिल्ला समन्वय समिति , जिल्ला बार एशोसिएशन, लैङ्गिक हिंसा विरुद्ध काम गर्ने गैरसरकारी संस्था, सञ्चारकर्मी**,** महिला मानव अधिकार रक्षक, कलेज आदि।

**प्रदेश तथा संघीय सरोकारवालाहरू:** मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा अन्य संवैधानिक आयोगहरू तथा लैङ्गिक हिंसा विरुद्ध काम गर्ने राष्ट्रिय स्तरका गैरसरकारी संस्था आदि।

**अन्तर्राष्ट्रिय सरोकारवालाहरू:** संयुक्त राष्ट्रसंघीय (United Nations) निकायहरू, विशेषगरी UN Women, UNFPA तथा UNDP, युरोपियन युनियन (European Union), विश्व बैंक (World Bank), Islamic Relief Nepal लगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू (INGOs) आदि।

### १०.५ जोखिम पहिचान तथा व्यवस्थापन

गहिरो रूपमा जरा गाडेका लैङ्गिक मान्यता, पितृसत्ता र हानिकारक परम्परागत अभ्यासहरू, अनौपचारिक वा असुरक्षित माध्यमबाट मुद्दा समाधान गर्न सामाजिक तथा राजनीतिक दबाब, लैङ्गिक हिंसा सम्बन्धी तालिमप्राप्त जनशक्तिको अभाव, कानून तथा नीतिहरूको कमजोर कार्यान्वयन, लैङ्गिक हिंसा कार्यक्रमका लागि अपर्याप्त वा अस्थिर बजेट, सुरक्षित आवास तथा आवश्यक सेवाहरूका लागि सीमित बजेट, गोपनीयता तथा व्यक्तिगत तथ्याङ्क चुहावट, उमेर, अपाङ्गता, जातीयता आदि अनुसार खण्डिकृत (disaggregated) तथ्याङ्कको अभाव, प्राकृतिक विपद् वा मानवीय संकट, तथा द्वन्द्व वा राजनीतिक अस्थिरता आदि जोखिमहरूलाई ध्यानमा राखी सुशासन, प्रभावकारी आन्तरिक तथा बाह्य समन्वय, सूचनाको पारदर्शी आदानप्रदान, तथा जोखिम व्यवस्थापन र न्यूनीकरण संयन्त्रको व्यवस्था गरिनेछ।

### १०.६ नीति अनुगमन तथा मूल्याङ्कन

नीतिको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित र पारदर्शी बनाउन छुट्टै अनुगमन तथा मूल्याङ्कन निर्देशिका निर्माणका गरिनेछ।

### १०.७ नीतिको पुनरावलोकन, परिमार्जन र सुधार

नीति स्वीकृतिको वर्षदेखि १० वर्षसम्म कार्यान्वयन गरिनेछ। यसको कार्यान्वयन अवस्थाको बारेमा वार्षिक रूपमा आन्तरिक समीक्षा गरिनेछ। नीतिको प्रभावकारी कार्यान्वयनको मूल्याङ्कन गर्न पाँच वर्षपछि मध्यावधि (Mid-term) मूल्याङ्कन तथा १० वर्षमा अन्तिम (Final) तेस्रो पक्षीय (Third Party) स्वतन्त्र मूल्याङ्कन गरिनेछ।

वार्षिक समीक्षा तथा मध्यावधि मूल्याङ्कनबाट पहिचान गरिएका समस्याहरूको समाधान गरी कार्यान्वयन व्यवस्थापनमा सुधार गर्दै नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। समीक्षा तथा मध्यावधि मूल्याङ्कनका सुझावका आधारमा तथा लैङ्गिक हिंसाको बदलिँदो प्रवृत्तिलाई ध्यानमा राखी नीतिको परिमार्जन तथा सुधार गरिनेछ।

**चन्द्रपुर नगरपालिकाको लैगिक हिंसा निवारण सम्बन्धि नीति १० बर्षे रणनीतिक कार्यन्वायन योजना २०८३**

| क्र.स. | कार्यान्वन गर्न पर्ने कार्यनीति | प्रगति मापन गर्ने सूचांक (Progress Measurement Indicators) | मुख्य जिम्मेवारी (Responsible Unit/Committee) | अनुमानित समय (Tentative Timeline) |
|---|---|---|---|---|
| १ | नीति १. निरोधात्मक उपायद्वारा पालिकाका सबै संरचना तथा वडाहरूलाई लैङ्गिक हिंसा मुक्त बनाइनेछ। | | | |
| १.१ | रणनीति १. सबै प्रकारका लैङ्गिक हिंसा उन्मूलन तथा सम्बोधनका लागि पालिकाका नयाँ कानून तर्जुमा तथा विद्यमान कानून र नीतिहरुको अध्ययन गरि परिमार्जन गर्ने । | | | |
| १.१.१ | **कार्यनीति १.** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा रोजगारी सँग सम्बन्धित पालिकाका विद्यमान कानून तथा नीतिहरूको अध्ययन गरी कार्यान्वयनार्थ आवश्यक परिमार्जन गर्ने। | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य तथा रोजगारी सँग सम्बन्धित पालिकाका विद्यमान कानून तथा नीतिहरूको लैङ्गिक हिंसा उन्मूलन को दृष्टिकोणले अध्ययन गरी **कम्तीमा पाँचवटा नीति तथा कानुनहरूको आवश्यक परिमार्जन गरी कार्यान्वयन गर्ने।** | बिधायन समिति र कार्यपालिका | आ.ब. ०८३/८४ र निरन्तर |
| १.१.२ | कार्यनीति २. लैङ्गिक हिंसा सम्बोधनका लागि आवश्यक कानून, कोष सम्बन्धी नियमावली, निर्देशिका, कार्यस्थलमा हुने यौन दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचारसंहिता तथा कार्ययोजना तर्जुमा गरि प्रभावकारी रुपमा लागु गर्ने | लैङ्गिक हिंसा सम्बोधनका लागि आवश्यक कानून, कोष सम्बन्धी नियमावली, निर्देशिका, कार्यस्थलमा हुने यौन दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचारसंहिता तथा कार्ययोजना **तर्जुमा गरि प्रभावकारी रुपमा लागु गरिनेछ** | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक कानुन शाखा | आ.ब. ०८३/८४ र निरन्तर |
| १.१.३ | **कार्यनीति ३.** पालिकाका सबै नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रमहरूमा लैङ्गिक हिंसा निवारणका सिद्धान्तहरूलाई मूलप्रवाहीकरण (Mainstreaming) गर्ने गरि अवलम्बन गर्ने। | सबै नीति, वार्षिक योजना, बजेट तथा कार्यक्रमहरूमा **लैङ्गिक हिंसा निवारणका सिद्धान्तहरूलाई मूलप्रवाहीकरण गरिएको हुनेछ** | महिला बालबालिका तथा जेष्ठ नागरिक कानुन शाखा र कार्य पालिका | आ.ब. ०८३/८४ र निरन्तर |
| १.१.४ | **कार्यनीति ४.** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण (Remittance) को दुरुपयोग तथा अनुत्पादक खर्चका कारण उत्पन्न हुन सक्ने पारिवारिक तनाव | विप्रेषणको उत्पादनशील क्षेत्रमा लगानी सम्बन्धी | कार्य पालिका, सामाजिक विकास | आ.ब. ०८३/८४ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | र लैङ्गिक हिंसाको जोखिमलाई ध्यानमा राखी विप्रेषणलाई उत्पादनशील क्षेत्र, उद्यम विकास, कृषि, व्यवसाय तथा रोजगारीमूलक गतिविधिहरूमा लगानी गर्न प्रोत्साहन गर्ने नीति तथा कार्यक्रमहरू सञ्चालन गर्ने। | अभिमुखीकरण/सचेतना कार्यक्रम/सर्वेक्षण/तथ्यांक संख्या | शाखा र रोजगार शाखा | |
| १.१.५ | **कार्यनीति ५.** बालविवाह तथा दाइजो प्रथा उन्मूलन सम्बन्धी रणनीति तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्ने | -२० वर्षभन्दा कम उमेरमा हुने विवाहको आगामी दश वर्षभित्र अन्त्य गर्ने | कार्य पालिका, र महिला बालबालिका शाखा | आ.ब. ०८३/८४ र निरन्तर |
| १.२ | **रणनीति २. सबै प्रकारका लैङ्गिक हिंसा तथा हिंसालाई प्रोत्साहन गर्ने लैङ्गिक भेदभावमूलक सामाजिकीकरण, परम्परागत तथा सामाजिक हानिकारक अभ्यासहरूको अन्त्य गर्ने।** | | | |
| १.२.१ | **कार्यनीति १.** पालिकामा विद्यमान तथा सम्भावित लैङ्गिक हिंसा जोखिम (Risk Assessment) मूल्याङ्कन गर्ने। | -लैङ्गिक हिंसाको जोखिम मूल्याङ्कन अध्ययन प्रतिवेदन तयार गर्ने<br>-जोखिम मूल्याङ्कनबाट पहिचान भएका जोखिममध्ये **कम्तीमा ८०% लाई वार्षिक योजना तथा कार्यक्रममा समावेश गरिएको हुनेछ।** | महिला बालबालिका, कानुन शाखा न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |
| १.२.२ | **कार्यनीति २.** सबै वडाका विभिन्न समुदायहरु (ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित समुदायका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु समेत) माथि भएका लैङ्गिक हिंसाको प्रकृति , कारकतत्वहरु, परिणाम र समाधानका उपायहरु बारे वडा स्तरीय तथ्याङ्क तथा सूचना सङ्कलन गरि वार्षिकरुपमा अद्यावधिक राख्ने। | सम्बन्धित विषयमा तथ्याक संकलन र अध्यन प्रतिबेदन **वार्षिकरूपमा अद्यावधिक गरिएको हुनेछ** | महिला बालबालिका शाखा | आ.ब. ०८३/८४ र निरन्तर |
| १.२.३ | **कार्यनीति ३.** बालविवाह, दाइजो प्रथा, महिनावारी भेदभाव, बोक्सीको आरोप, बहुविवाह, विद्युतिय तथा प्रविधि मार्फत हुने हिंसा, घरेलु हिंसा, सार्वजनिक तथा कार्यस्थलमा हुने हिंसा विरुद्ध समुदायस्तरीय सचेतना अभियान सञ्चालन गर्ने। | -लैङ्गिक हिंसासम्बन्धी हानिकारक अभ्यासका घटनामा **२०%ले कमी आएको हुनेछ**<br><br>-लैङ्गिक हिंसा विरुद्ध सचेत नागरिकहरूको प्रतिशत वृद्धि भएको **हुनेछ** | महिला बालबालिका शाखा तथा बिषयगत गैरसकारी संस्थाहरु | आ.ब. ०८३/८४ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| १.२.४ | **कार्यनीति ४.** विद्यालय, मदरसा, युवा समूह, महिला समूह तथा समुदायमा लैङ्गिक समानता, मानव अधिकार र हिंसा निवाकरणमा पूरुष तथा किशोरहरुको भूमिका सम्बन्धी नियमित अभिमुखीकरण तथा संवाद कार्यक्रम सञ्चालन गर्ने। | सम्बन्धि कार्यक्रम को संख्या, लैङ्गिक हिँसा सम्बन्धि सचेतना मा बृदि र पूरुष तथा किशोरहरुको भूमिका **२०** प्रतिशत वृद्धि भएको **हुनेछ** | महिला बालबालिका शाखा तथा बिषयगत गैरसकारी संस्थाहरु | आ.ब. ०८३/८४ र निरन्तर |
| १.२.५ | **कार्यनीति ५**. सामाजिक व्यवहार परिवर्तन सञ्चार (SBCC) अवधारणालाई अवलम्बन गर्दै धार्मिक अगुवा, शिक्षक, जनप्रतिनिधि, युवा तथा समुदायका प्रभावशाली व्यक्तिहरुलाई लैङ्गिक भूमिका तथा व्यवहार परिवर्तन सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने। | प्रशिक्षणपछि लैङ्गिक भूमिका तथा व्यवहार परिवर्तन सम्बन्धी **ज्ञान, धारणा र व्यवहारमा सुधार भएको प्रतिशत वृद्धि भएको हुनेछ** | शिक्षा शाखा , महिला बालबालिका तथा जेष्ठ नागरिक र कानुन शाखा | आ.ब. ०८३/८४ र निरन्तर |
| १.२.६ | **कार्यनीति ६**. महिला तथा किशोरीहरुको प्रजनन स्वास्थ्य अधिकार विरुद्धको हिंसा सँग सम्बन्धित महिनावारी भेदभाव, असुरक्षित गर्भपतन तथा गर्भनिरोधक साधनको प्रयोग तथा सुत्केरीसँग सम्बन्धित लाञ्छना विरुद्ध महिला स्वास्थ्य स्वयंसेवी, किशोरकिशोरी, शिक्षक तथा परिवारसँग सम्वाद कार्यक्रम सञ्चालन गर्ने, | महिला स्वास्थ्य स्वयंसेवी, किशोरकिशोरी, शिक्षक तथा परिवारसँग सञ्चालन गरिएको संवाद कार्यक्रमहरूको संख्या र सहभागीहरूको संख्या र **ज्ञान, धारणा र व्यवहारमा** सुधार भएको प्रतिशत | सामाजिक विकास शाखा, शिक्षा शाखा, महिला बालबालिका शाखा | आ.ब. ०८३/८४ र निरन्तर |
| २ | **नीति २. लैङ्गिक हिंसाका प्रभावितहरूलाई अन्तरबिविद्यता तथा अधिकारमुखी अवधारणाका आधारमा संरक्षण गरी अत्यावश्यक सेवा सुविधाहरू उपलब्ध गराइनेछ।** | | | |
| २.१ | **रणनीति १: लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सशक्तिकरण (**Empower**) गर्ने।** | | | |
| २.१.१. | **कार्यनीति १.** सम्बन्धित सबै सरकारी तथा गैरसरकारी सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरी लैङ्गिक हिंसाबाट प्रभावितहरूको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सशक्तिकरणका लागि एकिकृत कार्यक्रम (Integrated Programme) तयार गरी कार्यान्वयन गर्ने। | लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सशक्तिकरणका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी सरोकारवालासँग समन्वय गरी तयार र कार्यान्वयन गरिएको एकिकृत कार्यक्रमको संख्या | सामाजिक विकास शाखा, महिला बालबालिका शाखा, न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| २.१.२ | **कार्यनीति २.** पालिकाले प्रदान गर्ने आधारभूत सेवा सुविधा जस्तै व्यक्तिगत घटना दर्ता, नागरिकता सिफारिस र सामाजिक सुरक्षा कार्यक्रमहरुलाई **अन्तरबिविधता तथा अधिकारमुखी अवधारणाका आधारमा** पीडित तथा प्रभावितहरुको पहुँचको लागि सहजीकरण गर्ने । | पीडित तथा प्रभावित व्यक्तिहरूको सेवामा पूर्ण रूपमा पहुँच सुनिश्चित गरिनेछ | बालबालिका तथा जेष्ठ नागरिक शाखा कार्यपालिका तथा न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |
| २.१.३ | **कार्यनीति ३.** युवाहरूमा बढ्दो लागुऔषध दुर्व्यसन तथा मदिरा सेवनका कारण उत्पन्न हुन सक्ने लैङ्गिक हिंसाको जोखिम रोक्न विद्यालय, क्याम्पस तथा समुदायस्तरमा नियमित सचेतना, जीवनोपयोगी सिप (Life Skills) तथा व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। | ☐ विद्यालय, क्याम्पस तथा समुदायस्तरमा सञ्चालन गरिएका लागुऔषध दुर्व्यसन, मदिरा सेवन न्यूनीकरण तथा लैङ्गिक हिंसा रोकथाम सम्बन्धी सचेतना कार्यक्रमहरूको संख्या।<br>- जीवनोपयोगी सिप (Life Skills) तथा व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रममा सहभागी भएका युवा, किशोर तथा किशोरीहरूको संख्या।<br>-कार्यक्रम पश्चात् लागुऔषध दुर्व्यसन, मदिरा सेवन र लैङ्गिक हिंसाका जोखिमबारे ज्ञान तथा सकारात्मक व्यवहारमा सुधार देखिएका सहभागीहरूको प्रतिशत। | सामाजिक विकास शाखा, महिला बालबालिका शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा, न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |
| २.१.४ | **कार्यनीति ४.** लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको अवस्था अनुसार आवश्यक कानूनी तथा मनोसामाजिक परामर्श स्थानीय तहमा सहज उपलब्ध गराउने | लैगिक हिंसा पीडित तथा प्रभावितहरूलाई समयमै कानूनी तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको घटनाको प्रतिशत। | महिला लबालिका शाखा तथा न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |
| २.१.५ | **कार्यनीति ५.** निजी क्षेत्रको व्य◌ावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको जीविकोपार्जनका लागि स्थानीय निजी क्षेत्र तथा व्यवसायीहरुसँग समन्वय सहकार्य तथा साझेदारी गरि दिगो पुनर्स्थापना गर्ने । | निजी क्षेत्रको सहकार्यमा जीविकोपार्जन सहयोग प्राप्त गरेका लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरूको संख्या र रकम | कार्यपालिका, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |
| २.२. | **रणनीति २: लैङ्गिक हिंसाको जोखिममा रहेका महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत अन्य सीमान्तकृत समुदायलाई लैङ्गिक हिंसाबाट सुरक्षित राख्न विशेष व्यवस्था गर्ने ।** | | | |

| | | | | |
|---|---|---|---|---|
| २.२.१ | **कार्यनीति १.** लैङ्गिक हिंसाको जोखिममा रहेका अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको वास्तविक समस्याबारे अध्ययन तथा विश्लेषण गर्ने। | ☐ पहिचान गरिएका प्रमुख समस्या तथा आवश्यकताहरूको अध्ययन तथा विश्लेषण प्रतिवेदन तयार भएको संख्या। | महिया बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.ब. ०८४/८५ र र प्रत्येक दुई वर्षमा निरन्तर |
| | **कार्यनीति २.** स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्रक्रियामा लैङ्गिक हिंसालाई मूलप्रवाहीकरण गर्ने व्यवस्था सुनिश्चित गर्ने। | स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानता सम्बन्धी कार्यान्वयन गरिएको प्रतिशत। | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.ब. ०८३/८४ र निरन्तर |
| | **कार्यनीति ३.** पालिका र वडाको बजेट तथा कार्यक्रमलाई मुस्लिम लगायत अन्य सीमान्तकृत समुदायका विभिन्न समूह र अपाङ्गता भएका महिला तथा किशोरीका कानूनी अधिकार र हिंसा विरुद्धको उजुरी प्रक्रिया तथा संयन्त्रको बारेमा समुदायस्तरदेखि सचेतना कार्यक्रम सञ्चालन गर्ने । | पालिका तथा वडास्तरमा मुस्लिम तथा अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका महिला र किशोरीहरू लक्षित गरी कानूनी अधिकार तथा लैङ्गिक हिंसा विरुद्धको उजुरी प्रक्रिया सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८३/८४ र निरन्तर |
| | **कार्यनीति ४.** लैङ्गिक हिंसा रोकथाममा पुरुष, किशोर तथा बालकहरूको सकारात्मक भूमिका तथा सहभागिता प्रवर्द्धन गर्न किशोर समूह गठन गरि विद्यालय तथा समुदायमा अभियान कार्यक्रम सञ्चालन गर्न समूह परिचालन गर्ने. । | लैङ्गिक हिंसा रोकथाममा पुरुष, किशोर तथा बालकहरूको सहभागिता प्रवर्द्धन गर्न गठन गरिएका किशोर समूहद्वारा विद्यालय तथा समुदायमा सञ्चालन गरिएका अभियान तथा सचेतना कार्यक्रमहरूको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| | **कार्यनीति ५.** लैङ्गिक हिंसा पीडित तथा प्रभावित र उनीहरूका परिवारको मानसिक स्वास्थ्य तथा कल्याणका लागि परामर्श सेवा, स्वास्थ्य परीक्षण, योग तथा ध्यान (Meditation) लगायतका एकीकृत सेवा प्याकेज निर्माण गरी प्रत्येक वडामा कार्यान्वयन गर्ने। | प्रत्येक वडामा लैङ्गिक हिंसा पीडित तथा प्रभावित र उनीहरूका परिवारका लागि मानसिक स्वास्थ्य परामर्श, स्वास्थ्य परीक्षण, योग तथा ध्यानसमेत समेटिएको एकीकृत सेवा प्याकेज निर्माण गरी कार्यान्वयन गरिएको वडाको संख्या। | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| | **कार्यनीति ६.** मर्यादित परिवार नगरपालिकाको सरोकार" नारासहित महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति (अपाङ्गताको प्रकार तथा | -मर्यादित परिवार नगरपालिकाको सरोकार" नारासहित महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकमाथि | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक | आ.ब. ०८४/८५ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | डिग्रीको आधारमा) तथा जेष्ठ नागरिकहरुमाथि हुने हिंसा विरुद्ध पारिवारिक सचेतना चलाउने | हुने हिंसा विरुद्ध सञ्चालन गरिएका पारिवारिक सचेतना कार्यक्रमहरूको संख्या।<br>-पारिवारिक सचेतना कार्यक्रममार्फत हिंसा न्यूनीकरण, सम्मानजनक व्यवहार र अधिकारबारे जानकारी प्राप्त गर्ने परिवारहरूको संख्या वा प्रतिशत। | शाखा र न्यायिक समिति | |
| ३ | **नीति ३. लैङ्गिक हिंसाबाट प्रभावित तथा जोखिममा रहेका महिला, बालबालिका, किशोरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा अन्य समुदायहरूको कानूनी हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरिनेछ।** | | | |
| ३.१ | **रणनीति १. लैङ्गिक हिंसा सम्बन्धी विवादको प्रभावकारी सम्बोधनका लागि स्थानीय न्यायिक समितिको क्षमता तथा कार्यदक्षता अभिवृद्धि गर्ने।** | | | |
| ३.१.१ | **कार्यनीति १.** न्यायिक समितका सदस्य तथा सम्बन्धित कर्मचारीहरुलाई लैङ्गिक हिंसा सम्बोधन सम्बन्धी कानूनी व्यवस्था र मुद्दा व्यवस्थापन तथा पीडितको गोपनीयताको हक सम्बन्धी कानूनी व्यवस्था बारेमा क्षमता अभिवृद्धि गर्ने। | - न्यायिक समितिका सदस्य तथा सम्बन्धित कर्मचारीहरूलाई लैङ्गिक हिंसा सम्बोधन सम्बन्धी कानूनी व्यवस्था, मुद्दा व्यवस्थापन र पीडितको गोपनीयताको हकबारे क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको संख्या।<br>- तालिम पश्चात् सहभागीहरूको लैङ्गिक हिंसा सम्बन्धी कानूनी मुद्दा व्यवस्थापन क्षमता र गोपनीयता सम्बन्धी समझदारीमा **ज्ञान, धारणा र व्यवहारमा सुधार भएको प्रतिशत वृद्धि भएको हुनेछ** | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.१.२ | **कार्यनीति २.** न्यायिक समिति, वडास्तरका मेलमिलापकर्ताहरू, प्रहरी, स्वास्थ्यकर्मी, एकद्वार संकट व्यवस्थापन केन्द्र, सेवा गृह तथा अन्य सरोकारवालाहरूलाई लैङ्गिक हिंसा, मानव अधिकार तथा पीडित–केन्द्रित न्याय (victim-centered justice) को बारेमा सैद्धान्तिक तथा व्यावहारिक क्षमता अभिवृद्धि गर्ने। | - न्यायिक समिति, वडास्तरका मेलमिलापकर्ता, प्रहरी, स्वास्थ्यकर्मी, एकद्वार संकट व्यवस्थापन केन्द्र, सेवा गृह तथा अन्य सरोकारवालाहरूलाई लक्षित गरी लैङ्गिक हिंसा, मानव अधिकार र पीडित–केन्द्रित न्याय सम्बन्धी क्षमता अभिवृद्धि तालिम/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको संख्या।<br>- क्षमता अभिवृद्धि तालिमपछि सहभागीहरूको लैङ्गिक हिंसा | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन, मानव अधिकार र पीडित–केन्द्रित न्याय सम्बन्धी ज्ञान तथा व्यवहारिक सीपमा आएको सुधारको प्रतिशत | | |
| ३.१.३ | **कार्यनीति ३.** लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई न्यायिक प्रक्रियामा आवश्यक तथा अन्य सहयोग गर्न पालिकामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत हेल्पडेस्क तथा पीडित संरक्षण कक्षको स्थापना गर्ने। | - पालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा अन्तर्गत लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि हेल्पडेस्क तथा पीडित संरक्षण कक्ष स्थापना तथा सञ्चालन गरिएको संख्या।<br>- हेल्पडेस्क तथा पीडित संरक्षण कक्षमार्फत न्यायिक प्रक्रिया, कानूनी सहायता तथा अन्य सेवामा पहुँच प्राप्त गरेका लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको संख्यामा वृद्धि भएको हुनेछ | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.१.४ | **कार्यनीति ४.** महिला तथा अपाङ्गता भएका व्यक्तिहरु पक्ष भएका मुद्दाहरु लैङ्गिक दृष्टिकोणले संवेदनशील रुपमा हेर्न लैङ्गिकमैत्री मुद्दा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयन गर्ने, | - महिला तथा अपाङ्गता भएका व्यक्तिहरू पक्ष भएका मुद्दाहरूलाई लैङ्गिकमैत्री र संवेदनशील रूपमा व्यवस्थापन गर्न लैङ्गिकमैत्री मुद्दा व्यवस्थापन (case management system) कार्यविधि तयार गरी स्वीकृत तथा लागू गरिएको संख्या।<br>- उक्त कार्यविधि अनुसार लैङ्गिकमैत्री दृष्टिकोणबाट व्यवस्थापन गरिएका मुद्दाहरूको संख्या वा कुल मुद्दामध्ये कार्यविधि अनुसार प्रक्रिया अपनाइएका मुद्दाहरूको प्रतिशत | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.२. | **रणनीति २: समुदायमा कानूनी सूचना तथा साक्षरता अभिवृद्धि गरी कानूनी सेवालाई सर्वसुलभ तथा पहुँचयोग्य बनाउने** | | | |
| ३.२.१ | **कार्यनीति १.** लैङ्गिक हिंसाको कारण, परिणाम र हिंसा विरुद्धका कानूनी अधिकारको सम्बन्धमा टोल टोलमा स्थानीय दम्पत्ति कानूनी साक्षरता महाअभियान कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय टोल संचालित दम्पत्ति कानूनी साक्षरता महाअभियानमार्फत लैङ्गिक हिंसाका कारण, परिणाम तथा हिंसा विरुद्धका कानूनी अधिकारबारे जानकारी प्राप्त गरेका दम्पत्तिहरूको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ३.२.२ | **कार्यनीति २. "लैङ्गिक हिसा मुक्त नगरपालिका हाम्रो प्रतिबद्धता"** नारा सहित लैङ्गिक हिंसा रोकथाम तथा शून्य सहनशीलताको बारेमा मिडिया अभियान सञ्चालन गर्ने | लैङ्गिक हिंसा मुक्त नगरपालिका हाम्रो प्रतिबद्धता" नारासहित सञ्चालन गरिएको मिडिया अभियानमार्फत लैङ्गिक हिंसा रोकथाम तथा शून्य सहनशीलता सम्बन्धी सन्देश प्रसारण/प्रचार भएको मिडिया सामग्री (रेडियो कार्यक्रम, टिभी, सामाजिक सञ्जाल, छापा आदि) कार्यक्रम को संख्या। | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.२.३ | **कार्यनीति ३.** लैङ्गिक हिंसा निवारण सम्बन्धी सिकाइ, असल अभ्यास तथा चुनौतीहरूको आदान–प्रदानका लागि पालिकाभित्रका सबै सरकारी तथा गैरसरकारी संरचनाहरूबिच आवधिक **साझा सिकाइ कार्यक्रम** सञ्चालन गर्ने। | लैङ्गिक हिंसा निवारण सम्बन्धी सिकाइ, असल अभ्यास र चुनौतीहरूको आदान–प्रदानका लागि **सरकारी तथा गैरसरकारी निकायहरूको सहभागितामा बहुसरोकारवाला संयन्त्र निर्माण गरिनेछ र सञ्चालन भएका साझा सिकाइ कार्यक्रमहरूको संख्या।** | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.२.४ | **कार्यनीति ४.** लैङ्गिक हिंसा रोकथाम तथा न्यायिक प्रक्रियामा योगदान गर्न लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरूमध्ये रोल मोडेल हिंसा प्रभावितको पहिचान तथा छनोट गरी **"हिंसा निवारण अभियन्ता"** (Champions) को रूपमा विकास तथा परिचालन गर्ने। | लैङ्गिक हिंसा प्रभावितमध्येबाट छनोट गरी "हिंसा निवारण अभियन्ता (Champions)" का रूपमा विकास तथा परिचालन गरिएका व्यक्तिहरूको संख्या। | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.२.५ | **कार्यनीति ५.** कार्यस्थलमा हुने दुर्व्यवहार, मर्यादित श्रम, प्रजनन स्वास्थ्य अधिकार र यससँग सम्बन्धित हिंसा, बारेमा न्यायिक समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने | कार्यस्थलमा हुने दुर्व्यवहार, मर्यादित श्रम, प्रजनन स्वास्थ्य अधिकार तथा सम्बन्धित हिंसाबारे क्षमता अभिवृद्धि गरिएका न्यायिक समिति सदस्यहरूलाइ दिएको तालिम र सदस्यको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| **३.३.** | **रणनीति ३. न्यायमा पहुँचको सुनिश्चितता गर्न विद्यमान सम्प्रेषण प्रणालीलाई सुदृढीकरण गर्ने ।** | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.३.१ | **कार्यनीति १.** हिंसा प्रभावित र जोखिमयुक्त समूह (महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यक) का लागि उनीहरूको अनुकूल भाषा र माध्यममा (जस्तै: ब्रेल, साङ्केतिक भाषा, रैथाने भाषा) कानुनी साक्षरता सामग्री निर्माण गरी वितरण गर्ने। | हिंसा प्रभावित तथा जोखिमयुक्त समूहका लागि अनुकूल भाषा तथा माध्यम (ब्रेल, साङ्केतिक भाषा, रैथाने भाषा) मा कानुनी साक्षरता सामग्री तयार गरी वितरण गरिएको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.३.२ | **कार्यनीति २.** विद्यालय, कलेज र समुदायस्तरमा लैङ्गिक हिंसा, अनलाइन हिंसा, र कानुनी उपचारका प्रक्रियाबारे निरन्तर सचेतनामूलक अभियान तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | विद्यालय, कलेज र समुदाय स्तरमा लैङ्गिक हिंसा, अनलाइन हिंसा तथा कानुनी उपचार प्रक्रियाबारे सञ्चालन गरिएका सचेतना तथा अभिमुखीकरण कार्यक्रमहरूको र सहभागीको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.३.३ | **कार्यनीति ३.** जोखिममा रहेका व्यक्तिहरूलाई आफ्नो अधिकारको वकालत आफैं गर्न सक्ने बनाउन नेतृत्व विकास र कानुनी प्रवर्द्धन (Legal Advocacy) सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने। | जोखिममा रहेका व्यक्तिहरूलाई नेतृत्व विकास र कानुनी वकालत सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएका सहभागीहरूको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.३.४ | **कार्यनीति ४.** स्थानीय सञ्चारमाध्यम (एफ.एम. रेडियो, सामुदायिक टेलिभिजन) र डिजिटल प्लेटफर्मको प्रयोग गरी कानुनी हक अधिकार र हिंसाविरुद्धका कानुनी प्रावधानहरूको व्यापक प्रचार-प्रसार गर्ने। | स्थानीय सञ्चारमाध्यम र डिजिटल प्लेटफर्ममार्फत कानुनी हक अधिकार तथा हिंसा विरुद्धका कानुनी प्रावधानसम्बन्धी प्रचार–प्रसार गरिएका कार्यक्रम/सामग्रीहरूको संख्या | कार्यपालिका र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ३.३.५ | **कार्यनीति ५.** विद्यालयभित्र तथा बाहिरका किशोरी तथा महिलाहरुको लागि आत्मरक्षासम्बन्धी तालिमहरु सञ्चालन गर्ने, | विद्यालयभित्र तथा बाहिरका किशोरी तथा महिलाहरूलाई लक्षित गरी सञ्चालन गरिएका आत्मरक्षा तालिमहरूको संख्या। | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४ . | **नीति .४-लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित संस्थागत संरचनाहरूको स्थापना, सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ।** | | | |
| ४ १. | **रणनीति १. पालिका, वडा तथा समुदायस्तरमा लैङ्गिक हिंसा रोकथाम तथा सम्बोधन प्रणालीको स्थापना तथा सुदृढीकरण गर्ने।** | | | |
| ४.१.१ | कार्यनीति १. न्यायिक समिति तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखाको भौतिक संरचना तथा सूचना सम्प्रेषण प्रणालीलाई | न्यायिक समिति तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखाको भौतिक संरचना र सूचना | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका | आ.ब. ०८४/८५ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | लैङ्गिकमैत्री बनाई तथा उनीहरूको समुदायसँगको सम्बन्धलाई सुदृढीकरण गर्ने। | प्रणालीलाई लैङ्गिकमैत्री बनाइ सुदृढ गरिएका कार्यालयहरूको संख्या | तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | |
| ४.१.२ | कार्यनीति २. वडा तथा समुदायस्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, लैङ्गिक हिंसा रोकथाम तथा निगरानी समिति, सञ्जाल, क्लब तथा समूह गठन, परिचालन तथा विस्तार गर्ने। | वडा तथा समुदायस्तरमा लैङ्गिक हिंसा रोकथाम तथा निगरानीका लागि गठन, परिचालन र विस्तार गरिएका समूह/सञ्जाल/समितिहरूको संख्या | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.१.३ | कार्यनीति ३. लैङ्गिक हिंसा तथा हानिकारक अभ्याससम्बन्धी अवस्था तथा कानून कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन प्रणाली विकास गर्ने। | लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास र कानून कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी लागू गरिएको अवस्था (छ/छैन) | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.१.४ | कार्यनीति ४. वडामा लैङ्गिक तथा अपाङ्गतामैत्री मेलमिलाप कक्षको व्यवस्था गर्ने। | वडास्तरमा लैङ्गिक तथा अपाङ्गतामैत्री मेलमिलाप कक्ष स्थापना तथा सञ्चालन गरिएको वडाको संख्या | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.१.५ | **कार्यनीति ५.** अन्तरजातीय विवाहका कारण हुने लैङ्गिक हिंसाका घटनाहरूको अनुगमन तथा यस्ता विवाह गर्ने दम्पत्तिहरूलाई पालिकाबाट विशेष सेवा तथा सुविधा सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने। | अन्तरजातीय विवाह गर्ने दम्पत्तिहरूलाई लक्षित गरी विशेष सेवा तथा सुविधा सुनिश्चित गर्ने तथा लैङ्गिक हिंसा सम्बन्धी घटनाहरूको अनुगमन गर्न सञ्चालन गरिएका लक्षित कार्यक्रमहरूको संख्या। | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| **४ २.** | **रणनीति २. पालिकाभित्र रहेका सम्पूर्ण सरकारी संयन्त्र तथा संरचनाहरूलाई लैङ्गिक, अपाङ्गता तथा सामाजिक समावेशी (GEDSI) मैत्री बनाउने।** | | | |
| ४.२.१ | कार्यनीति १. सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा सार्वजनिक भवनहरूमा र्याम्प (Ramp), संकेत चिन्ह लगायत अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री शौचालयको व्यवस्था गर्ने। | सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा सार्वजनिक भवनहरूमा अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री भौतिक संरचना (र्याम्प, संकेत चिन्ह र शौचालय) व्यवस्था गरिएको भवनहरूको संख्या। | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ४.२.२ | कार्यनीति २. विद्यालय तथा सार्वजनिक संस्थाहरुमा लैङ्गिक हिंसा रोकथामका लागि आचार संहिता निर्माण तथा गुनासो सुनुवाई समिति तथा प्रणाली गठन गर्ने | विद्यालय तथा सार्वजनिक संस्थाहरूमा लैङ्गिक हिंसा रोकथामका लागि आचार संहिता, गुनासो सुनुवाइ समिति तथा प्रणाली स्थापना/कार्यान्वयन गरिएको संस्थाहरूको संख्या। | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.२.३. | कार्यनीति ३. विद्यालय तथा हरेक वडाहरूमा लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको लागि दक्ष मनोसामाजिक परामर्शकर्ता तथा पहुँचयोग्य परामर्श कक्षको व्यवस्था गर्ने। | विद्यालय तथा वडाहरूमा लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि मनोसामाजिक परामर्शकर्ता र परामर्श कक्ष व्यवस्था गरिएको संस्थाहरूको संख्या। | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.२.४ | कार्यनीति ४. विद्यालय, मदरसा तथा कलेज स्तरमा किशोर–किशोरी लक्षित जीवन उपयोगी शिक्षा र लैङ्गिक समानता सम्बन्धी पाठ्य/अभिमुखीकरण कार्यक्रम समावेश गर्ने। | विद्यालय, मदरसा तथा कलेजमा किशोर–किशोरी लक्षित जीवन उपयोगी शिक्षा र लैङ्गिक समानता सम्बन्धी कार्यक्रम/पाठ्यक्रम समावेश गरिएको संस्थाहरूको संख्या | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| **४ .३.** | **रणनीति ३. पालिकाका नीति तथा कार्यक्रमहरूलाई लैङ्गिक हिंसा उत्तरदायी (GBV Responsive) बनाउने।** | | | |
| ४.३.१ | कार्यनीति १. न्यायिक समिति तथा महिला, बालबालिका र ज्येष्ठ नागरिक शाखा तथा अन्य कर्मचारीहरूको कार्यसम्पादनलाई लैङ्गिक हिंसा उत्तरदायी बनाउन प्रणाली तथा क्षमता विकास गर्ने। | न्यायिक समिति, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र अन्य कर्मचारीहरूको लैङ्गिक हिंसा उत्तरदायी कार्यसम्पादनका लागि क्षमता विकास तथा प्रणाली लागू गरिएको अवस्था (छ/छैन) । | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.३.२ | कार्यनीति २. स्थानीय योजना निर्माण प्रक्रियामा लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरू तथा उनीहरूका प्रतिनिधि संस्थाहरूको सहभागिता अनिवार्य गर्ने। | स्थानीय योजना निर्माण प्रक्रियामा लैङ्गिक हिंसाका पीडित तथा प्रभावित तथा उनीहरूका प्रतिनिधि संस्थाहरूको सहभागिता सुनिश्चित गरिएको योजनाको प्रतिशत | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा र न्यायिक समिति | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.३.३ | कार्यनीति ३. पालिकाको प्रत्येक आर्थिक वर्षको नीति कार्याक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक | पालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा लैङ्गिक हिंसा निवारणका लागि विनियोजित बजेटको प्रतिशत | कार्यपालिका , बिध्यान समिति , महिला बालबालिका तथा जेष्ठ नागरिक | आ.ब. ०८४/८५ र निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | हिंसा निवारण नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न पर्याप्त वजेट विनियोजन गर्ने । | | शाखा र न्यायिक समिति | |
| ४.३.४ | कार्यनीति ४. लैङ्गिक हिंसा सम्बन्धी गुनासो दर्ता, तथ्याङ्क व्यवस्थापन र गोपनीयता संरक्षणका लागि डिजिटल प्रणालीको विकास तथा प्रयोग गर्ने | लैङ्गिक हिंसा सम्बन्धी गुनासो दर्ता, तथ्याङ्क व्यवस्थापन तथा गोपनीयता संरक्षणका लागि डिजिटल प्रणाली विकास गरी सञ्चालनमा ल्याइएको अवस्था (छ/छैन)। | | आ.ब. ०८४/८५ र निरन्तर |
| ४.३.५ | कार्यनीति ५. लैङ्गिक हिंसा निवारण तथा पीडित सहायताको लागि पर्याप्त वजेट सहित कोषको स्थापना तथा संरचनाहरु निर्माण र परिचालन गर्ने । | लैङ्गिक हिंसा निवारण तथा पीडित सहायताका लागि कोष स्थापना गरी बजेट सहित सञ्चालनमा ल्याइएका संरचनाहरूको संख्या | | आ.ब. ०८४/८५ र निरन्तर |

आज्ञाले

बद्रीराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत